कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय गण्डकी प्रदेशको

# वार्षिक प्रगति पुस्तिका

## आ.व. २०८१/८२




गण्डकी प्रदेश सरकार

## कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

पोखरा नेपाल।










कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, गण्डकी प्रदेशको

# वार्षिक प्रगति पुस्तिका

(आ.व. २०८१/८२)


गण्डकी प्रदेश सरकार

**कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय**

**योजना तथा अनुगमन महाशाखा**

पोखरा, नेपाल।

फोन नं ०६१-४६७८८५

**Website:** molmac.gandaki.gov.np

**Email:** molmacprovince4@gmail.com; molmacgandaki@gandaki.gov.np


पुस २०८२

# शुभकामना



नेपालको संविधानले संघ, प्रदेश र स्थानीय तहलाई एकल तथा साझा अधिकारको व्यवस्था गरेको सन्दर्भमा कृष क्षेत्रलाई संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारको सूचीमा व्यवस्था गरेको छ। प्रदेशको प्रथम पञ्चवर्षीय योजनाको "खाद्य सम्प्रभूता र सुरक्षाको प्रत्याभूति तथा कृषिमा आत्मनिर्भर प्रदेश" सोचलाई साकार पार्न कृषि, भूमि व्यवस्था तथा मन्त्रालयको कार्यविवरण तथा जिम्मेवारीभित्र रही कृषिको आधुनिकीकरण र व्यावसायीकरणमार्फत कृषिको उच्च उत्पादन र उत्पादकत्वमा गर्ने उद्देश्यले विभिन्न वार्षिक विकास कार्यक्रम तर्जुमा तथा त्यसको कार्यान्वयन गर्दै आएको छ। प्रदेशको दोस्रो पञ्चवर्षीय योजनाको आधार-पत्रले समेत प्रदेश रुपान्तरणका प्राथमिक क्षेत्रमध्ये "व्यावसायिक कृषि तथा आत्मनिर्भरता" लाई उच्च प्राथमिकतामा राखेको छ। गण्डकी प्रदेश सरकारले आ.व. २०८१/८२ को नीति तथा कार्यक्रम र बजेटमार्फत आफ्ना नीति तथा योजनाहरु सार्वजनिक गरी कार्यक्रम कार्यान्वयन गरेको छ।

दोस्रो पञ्चवर्षीय योजनाले लिएको नीति तथा कार्यक्रमहरुको कार्यान्वयनको अवस्थालाई उजागर गर्नुका साथै नीतिसँग तादम्यता मिलाई कार्य सम्पन्न गरेको छ। यस मन्त्रालयले खाद्य तथा पोषण सुरक्षा एवम् आर्थिक वृद्धिमा विशेष योगदानका पुर्‍याउनुका साथै पर्यटन प्रवर्द्धन र कृषि जैविक विविधता प्रवर्द्धनमा समेट टेवा पुर्‍याउँदै आएको छ। समग्रमा आर्थिक विकासका निर्धारक क्षेत्रबिच अन्तरआबद्धता कायम गर्दै कृषि र पशुपालन क्षेत्रको एकीकृत रुपमा उत्पादन, उत्पादकत्व तथा प्रतिस्पर्धी क्षमता अभिवृद्धिमा केन्द्रित भएको छ। कृषिको उत्पादन र उत्पादकत्व वृद्धि गरि प्रतिस्प्रद्धात्मक व्यावसायीकरण, यान्त्रीकरण र विविधीकरण गर्दै कृषि क्षेत्रको उत्थान हुने देखिन्छ।

मन्त्रालयले प्रकाशन गर्ने वार्षिक प्रगति पुस्तिकाले गत आर्थिक वर्षमा सञ्चालन गरेको कार्यक्रम र आयोजनाहरुको संक्षिप्त क्रियाकलाप र उपलब्धीहरुको संग्रह रहेको छ। साथै मन्त्रालयले कार्यान्वयन गरेका सम्पूर्ण कार्यक्रमलाई एकै ठाँउमा व्यवस्थित गरी पुस्तिकाको रुपमा प्रकाशन गर्दा जनतालाई जानकारी हुने र यसले पारदर्शिता र जवाफदेहिता संस्कारको पनि विकास गर्नेमा म आशावादी छु। गत आर्थिक वर्षमा सञ्चालन गरेका कार्यक्रम र यसबाट प्राप्त समस्त उपलब्धिलाई समावेश गरी पुस्तक तयारीमा खटिनुहुने प्रदेश सचिव र योजना तथा अनुगमन महाशाखामा कार्यरत कर्मचारीहरुलाई विशेष धन्यवाद व्यक्त गर्दछु। साथै गत आर्थिक वर्षको कार्यक्रम सफलतापुर्वक सञ्चालन गरि कृषकवर्गमा सहयोग पुर्‍याउनु हुने सम्पूर्ण कर्मचारीहरुमा हार्दिक धन्यवाद व्यक्त गर्दछु।

**(पद्मा जि.सी. श्रेष्ठ)**
मन्त्री
मितिः २०८२ पुस ६ गते



# मन्तव्य

कृषि क्षेत्रको आधुनिकीकरण मार्फत उत्पादन तथा उत्पादकत्व बृद्धि गरी खाद्य सुरक्षा, आर्थिक विकास र गरिबी निवारणमा टेवा पुऱ्याउने उद्देश्यले यस मन्त्रालयबाट गण्डकी प्रदेशको प्रथम र दोस्रो पञ्चवर्षीय योजना, कृषि विकास रणनीति तथा विभिन्न राष्ट्रिय तथा प्रादेशिक नीति तथा आवधिक योजनाहरुलाई आत्मसा गर्दै विभिन्न कृषि कार्यक्रमहरु तर्जुमा तथा कार्यान्वयन भईरहेको छ। आ.व. २०७७/७८ मा प्रदेश मन्त्रिपरिषद्‌बाट यस मन्त्रालयको नयाँ सँगठन संरचना स्वीकृत भई थप ५ वटा जिल्लामा कृषि ज्ञान केन्द्र र ४ वटा जिल्लाहरुमा भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रहरु स्थापना भए पश्चात प्रदेशका सबै जिल्लाहरुमा कृषि तथा पशुपन्छी सम्बन्धी सेवा प्रवाह गर्ने कार्यालयहरु रहेका छन्। हाल प्रदेश लोक सेवाबाट सबै तहका दरबन्दीको पदपुर्ति भई प्राय सबैजसो कार्यालयहरुमा प्राविधिक जनशक्तिले भरिपूर्ण रहेको छ। सबै कार्यालयहरुले गत आर्थिक वर्षमा सन्तोजनक प्रगति हाँसिल गर्न सफल भएकोमा सम्पूर्ण कर्मचरीहरुप्रति आभार प्रकट गर्न चाहन्छु।

मन्त्रालयको क्रियाकलाप र कार्यक्रमहरुबाट आर्थिक वर्ष २०८०/८१ मा प्रदेशको कुल ग्राहस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान २५.४ प्रतिशत रहेको र कृषि, पशुपन्छी तथा मत्स्य उत्पादन र उत्पादकत्वमा बृद्धि भएको पाइयो। कृषकहरुलाई प्राविधिक सेवाटेवामा पहुँचमा बृद्धि गर्दै विभिन्न क्रियाकलापहरु सम्पन्न गरेको हुँदा सबै कार्यालय र कार्यालयका कर्मचारीहरु प्रति धन्यवाद व्यक्त गर्न चाहन्छु।

यस पुस्तिकामा मन्त्रालय र मातहतका निकायहरुबाट आर्थिक वर्ष २०८१/८२ को स्वीकृत वार्षिक कार्यक्रमको प्रगति स्थिति तथा कार्यक्रमहरुको उपलब्धिहरु समावेश गरिएको छ। यस पुस्तिकाका लागि आवश्यक विवरण उपलब्ध गराउनु हुने सहकारी रजिष्ट्रारको कार्यालय, कृषि विकास निर्देशनालय र पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयका साथै सम्पूर्ण कार्यालयहरुलाई धन्यवाद दिन चाहन्छु। यस पुस्तिका तयार गर्न सहयोग गर्नुहुने महाशाखा प्रमुख श्री गोबिन्द पाण्डे र अहोरात्र खट्नु हुने यसै महाशाखाका कर्मचारीहरु डा. राजेश कुमार चौधरी, श्री ज्योती क्षेत्री र डा. सुजन थापा मगरलाई विशेष धन्यवाद दिन चाहन्छु। यस लगायत योजना तथा अनुगमन महाशाखाका सम्पूर्ण कर्मचारीहरु तथा मन्त्रालयका अन्य कर्मचारीहरु प्रति आभार व्यक्त गर्न चाहन्छु। साथै चालु आर्थिक वर्षको बजेट तथा कार्यक्रम कार्यान्वयनमा सम्पूर्ण सरोकारवालाहरुको साथ र सहयोगको अपेक्षा राख्दछु।

.............................

**(बासुदेव रेग्मी)**

प्रदेश सचिव

## विषयसूचि


१. पृष्ठभूमि ........ 1
१.१ परिचयः ........ 1
१.२ मन्त्रालयको उद्देश्य ........ 1
१.३ कार्य क्षेत्र ........ 2
१.४ कार्य जिम्मेवारी ........ 2
१.५ सँगठन संरचना ........ 4
१.६ मन्त्रालयको सँगठन संरचना ........ 5
१.७ मन्त्रालयको कार्यविवरण ........ 6
१.७.१ प्रशासन तथा सहकारी विकास महाशाखा ........ 6
१.७.२ योजना तथा अनुगमन महाशाखा ........ 8
१.७.३ कृषि विकास महाशाखा ........ 9
१.७.४ पशुपन्छी विकास महाशाखा ........ 9
१.७.५ भूमि व्यवस्था तथा भूमिस्रोत नक्सांकन महाशाखा ........ 10
१.८ मन्त्रालय अन्तर्गतका कार्यालयहरु ........ 11
१.८.१ निर्देशनालयहरु ........ 11
१.८.२ सहकारी रजिष्ट्रारको कार्यालय, पोखरा। ........ 11
१.८.३ फार्म केन्द्रहरु ........ 11
१.८.४ प्रयोगशालाहरु ........ 11
१.८.५ तालिम केन्द्रहरु ........ 11
१.८.६ कृषि ज्ञान केन्द्रहरु ........ 11
१.८.७ भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रहरु ........ 12
१.९ जनशक्ति विवरणः ........ 12
१.१० पहाडी क्षेत्र काष्ठफल तथा फलफूल विकास आयोजना ........ 12
२. आ.व. २०८१/८२ को वार्षिक विकास कार्यक्रमको बजेट ........ 14
२.१ आ.व. २०८१/८२ को सुरु र संशोधित वार्षिक विकास बजेट ........ 14
२.२ आ.व. २०८१/८२ को स्रोतगत वार्षिक विकास कार्यक्रमको बजेट ........ 14
२.३ कार्यालयगत वार्षिक बजेट बाँडफाँट ........ 14
२.४ यस मन्त्रालयमा हालसम्म प्राप्त बजेट ........ 16
२.५ NAFHA को आयोजना सुरुवातदेखि २०८२ असार मसान्तसम्मको बजेट तथा खर्च ........ 16
३. मन्त्रालयको प्रगति विवरणः ........ 17
३.१ मन्त्रालय तथा मातहत कार्यालयको विनियोजित बजेट र खर्चको संक्षिप्त विवरण ........ 17
३.१.१ कृषि क्षेत्रमा भएको प्रगतिको समिक्षाः ........ 17

३.१.२ पशुपन्छी तथा क्षेत्रमा भएको प्रगतिको समिक्षाः 18
३.१.३ भूमि व्यवस्थाको प्रगती सम्बन्धी विवरण 18
३.१.४ सहकारीको प्रगती सम्बन्धी विवरणः 19
**३.२ कार्यालयगत वार्षिक वित्तीय र भारित प्रगति प्रतिशत विवरणः** 20
**३.३ मन्त्रालयको प्रगति विवरण** 24
क) कुल वित्तीय विवरणः 24
ख) बहुवर्षीय योजनाहरूको बिस्तृत विवरणः 24
ग) नीति तथा कार्यक्रम र बजेट बक्तव्यमा उल्लेखित बुँदा नं. सँग सम्बन्धित प्रगतिः 24
**३.४ पहाडी क्षेत्र काष्ठफल तथा फलफूल विकास आयोजनको ब्याच-१ र ब्याच-२ को प्रगति विवरण** 40
**४. मन्त्रालयस्तरी विकास समस्या समाधानमा पेश गरिएका समस्या र निर्णयको अवस्था 41**
**४.१ MDAC बैठक बसेको मितिः २०८१/०८/०९** 41
**४.२ MDAC बैठक बसेको मितिः २०८१/१२/२६** 45
**५. आर्थिक वर्ष २०८/८२ मा हासिल भएका मुख्य उपलब्धिहरु 45**
**५.१ यस आर्थिक वर्षमा कार्यक्रमगत हासिल गरिएका मुख्य उपलब्धिहरु** 45
**५.२ यस अवधिमा कार्यालयगत रुपमा हासिल सञ्चालन गरिएका मुख्य मुख्य कार्यहरु** 49
**६. आयोजना तथा कार्यक्रम कार्यान्वयनका क्रममा आइपरेका समस्या र सुधार तथा समाधानर्थ गरिएका प्रयासहरु 59**
**७. आर्थिक वर्ष २०८०/८१ को महत्वपूर्ण विवरणहरुः 61**
**७.१ कृषि तर्फ उत्पादन र उत्पादकत्व विवरण** 61
**७.२ पशुपन्छी तथा मत्स्य तर्फः** 61
७.२.१ पशुपन्छी तथा मत्स्य तथ्याङ्क 61
७.२.२ पशुपन्छी उत्पादन तथा उत्पादकत्वः 61
**८. कार्यालयगत राजश्व विवरणः 63**
**९. बेरुजुको कार्यालयगत लगत तथा एकीकृत प्रतिवेदन 65**
**१०. अन्य विषयः 66**
**अनुसूचिहरु 67**
**अनुसूचि-१ः मन्त्रालयको मन्त्रिज्यूहरुको विवरण** 67
**अनुसूचि-२ः मन्त्रालयमा कार्यरत सचिवज्यूहरुको विवरण** 67
**अनुसूची-३ः मन्त्रालयमा कार्यरत कर्मचारी विवरण** 68
**अनुसूचि-४ः मातहतका निकायहरुको विवरण** 71
**अनुसूची-५ यस आर्थिक वर्षमा निर्माण भएका कानुनी उपलब्धीहरु** 73

# १. पृष्ठभूमि

## १.१ परिचयः

सङ्घीयता पश्चात प्रत्येक प्रदेशमा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय कायम रहने व्यवस्था अनुसार यो मन्त्रालयको स्थापना मिति २०७४/१०/२२ गते भएको हो। यस मन्त्रालयमा माननीय श्री लेख बहादुर थापा मगर ज्यूले पहिलो मन्त्रिको रुपमा पदभार मिति २०७४/११/०४ मा ग्रहण गर्नुभइ यस मन्त्रालयको जिम्मेवारी सम्हाल्नुभएको हो भने हाल माननीय पद्मा जि.सी. श्रेष्ठ ज्यूले मन्त्रालयको मन्त्रि पदमा हुनुहुन्छ।

प्रदेशको आर्थिक, सामाजिक तथा कृषि क्षेत्रको विकासमा सहकारी क्षेत्रलाई परिचालन गरी भूमिको प्रकृतिको आधारमा उपयोग गरी गर्ने नीति लिई कृषि एवं पशुपन्छीजन्य उत्पादन एवं व्यापारमा यान्त्रिकीकरण, व्यावसयिकीकरण, बजारीकरण र आधुनिकीकरणका माध्यमबाट उत्पादन र उत्पादकत्व वृद्धि गर्दै प्रतिस्पर्धात्मक अवस्थाको सृजना गरी यस क्षेत्रको रुपान्तरण गर्दै रोजगारीको अवसर सृजना गर्ने लक्ष्यका साथ मिति २०७४/१०/२२ मा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको स्थापना भएको हो। प्रदेश राजपत्रमा मिति २०७८/०२/०५ गते प्रकाशित मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सूचना अनुसार गण्डकी प्रदेश सरकारको निर्णयबाट यस मन्त्रालयको नाम परिवर्तन गरी भूमि व्यवस्था, कृषि, सहकारी तथा गरिबी निवारण मन्त्रालय कायम भएकोमा २०८१/०५/१७ गतेबाट हालसम्म कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय कायम रहेको छ।

संविधानको अनुसूचीमा व्यवस्था भएका सङ्घ र प्रदेशको साझा अधिकार, सङ्घ, प्रदेश र स्थानीय तहको साझा अधिकार र प्रदेशको एकल अधिकार क्षेत्रका कृषि, पशुपन्छी तथा सहकारीसँग सम्बन्धीत विषयमा नीति निर्माण गर्ने केन्द्र सरकार र स्थानीय तह बिच समन्वय र सहकार्य गर्दै प्रदेश सम्बृद्धिका लागि व्यवसायीकिकरण र आधुनिकिकरणमा जोड दिने कृषि क्षेत्रको विकास र विस्तार गरी नयाँ रोजगारीको अवसर सृजना गर्ने, कृषि तथा पशुपन्छीको दिगो व्यवस्थापन गरि आत्मनिर्भर कृषिमा जोड दिनु आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धन गर्नु समेत यस मन्त्रालयको कार्यक्षेत्र भित्र पर्दछन्।

## १.२ मन्त्रालयको उद्देश्य

१. सहकारीको सिद्धान्त र मूल्यहरूको प्रवर्द्धन गर्दै सहकारीमा आधारित उत्पादन, उद्यम र सेवा व्यवसायको विकास र विस्तार गरी प्रदेशको दिगो र समतामूलक आर्थिक सामाजिक विकासमा योगदान पुऱ्याउने।

२. कृषि क्षेत्रमा आधुनिक प्रविधिको प्रयोग गर्दै प्रतिष्पर्धात्मक क्षमता हासिल गरी उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्नुका साथै कृषिजन्य उद्योगलाई प्रवर्द्धन गर्ने।

३. पशुपन्छीपालनमा प्रविधिको प्रयोगलाई प्रोत्साहन गर्दै व्यवसायिक, प्रतिस्पर्धी एवं स्वस्थ पशुपन्छी उत्पादनको सुनिश्चितता एवं पशुपन्छीजन्य उत्पादनमा आत्मनिर्भरता हासिल गरी यस क्षेत्रलाई आय आर्जनका साथै रोजगारीको माध्यमका रुपमा विकास गर्ने।

## १.३ कार्य क्षेत्र

१. कृषि, कृषि उत्पादन, कृषि औद्योगिकरण सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड, कार्यविधि, निर्देशिका निर्माण एवं यससँग सम्बन्धीत योजना तर्जुमा, कार्यान्वयन र नियमन गर्ने।
२. कृषि क्षेत्रको पूर्वाधार विकास, कृषि तालिम, अध्ययन, अनुसन्धान, क्षमता विकास, कृषि उपजको न्यूनतम मूल्य समर्थन, कृषि बीमा सम्बन्धी कार्य गर्ने गराउने।
३. पशुपन्छी सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड, निर्देशिका कार्यविधि निर्माण गर्ने।
४. स्वस्थ एवं व्यावसायिक पशुपन्छी उत्पादनका लागि रोग नियन्त्रण र नश्ल सुधार, बजार विकास तथा विस्तार, अध्ययन अनुसन्धान, तालिम एवं क्षमता विकास सम्बन्धी कार्य गर्ने गराउने।
५. प्रादेशिक खाद्य सुरक्षा एवं पोषण अधिकार, खाद्य सम्प्रभुता र खाद्य गुणस्तर निर्धारण सम्बन्धी कार्य गर्ने गराउने ।
६. भूमि व्यवस्थापन, भूमि प्रशासन र जग्गा नापजाँच, भूमिसुधार, भू-उपयोग, गुठी तथा गुठी जग्गा व्यवस्थापन, भूमिहिन सुकुम्बासी, दलित आदि वर्गको बसोबास, जिविकोपार्जन, र पुनःस्थापना, सरकारी जग्गा भाडामा दिने, सुरक्षीत बसोबास सम्बन्धी प्रादेशिक नीति कानुन तथा मापदण्डको तर्जुमा, कार्यान्वयन र नियमन सम्बन्धी कार्य गर्ने गराउने।
७. सहकारी सम्बन्धी प्रादेशिक नीति, कानुनू, योजना तथा मापदण्ड निर्माण एवं कार्यान्वयन र नियमन गर्ने।
८. गरिवी निवारण सम्बन्धी प्रादेशिक नीति, कानून, योजना तथा मापदण्ड निर्माण एवं कार्यान्वयन र नियमन गर्ने ।




स्रोतः गण्डकी प्रदेश नीति तथा योजना आयोग

## १.४ कार्य जिम्मेवारी

गण्डकी प्रदेश सरकार, प्रदेश (कार्यविभाजन) नियमावली, २०७४ को अनुसूची-२ मा रहेको प्रदेश मन्त्रालयहरुको कार्य जिम्मेवारी अन्तर्गत यस मन्त्रालयको कार्यजिम्मेवारी तोकिएको छ। जस अन्तर्गत कृषि तथा पशुपन्छीजन्य उपजको उत्पादन, प्रशोधन, भण्डारण र बजारीकरण सम्बन्धी नीति, कानून, मापदण्ड तर्जुमा गर्ने तथा कार्यान्वयन गर्ने गराउने, भूमि व्यवस्थापन, भू-उपयोग तथा वर्गीकरण र चक्लाबन्धी सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तर्जुमा तथा सोको कार्यान्वयन गर्ने र सहकारी संघसंस्था सम्बन्धी

प्रादेशिक नीति, कानून र मापदण्ड तर्जुमा र सोको कार्यान्वयन गरी सहकारी संघ संस्थाको क्षमता अभिवृद्धि, नियमन, प्रवर्द्धन र परिचालन सम्बन्धी कार्यहरु पनि यस मन्त्रालयको मुख्य कार्यक्षेत्रहरु

**तालिका १ः कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयको कार्यजिम्मेवारीहरु**

| सि.नं. | कार्यजिम्मेवारीहरू |
|---|---|
| १ | कृषि, कृषि उत्पादन, पशु विकास तथा खाद्य पोषण सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमन |
| २ | कृषि तथा पशुपन्छीजन्य रोग, कीरा एवम् महामारी नियन्त्रण |
| ३ | कृषि औधोगीकरण र पशुपन्छी उद्योग व्यवसायको विकास तथा प्रवर्द्धन |
| ४ | कृषि तथा पशु यान्त्रिकीकरण र उन्नत औजार विकास तथा विस्तार |
| ५ | कृषि तथा पशु रोग निदान प्रयोगशाला व्यवस्थापन र नियमन |
| ६ | कृषि उपज, कृषिजन्य वस्तु, पशुपन्छी, पशुपन्छीजन्य पदार्थ र पशु उत्पादन सामग्री तथा बिउबिजन एवम् नश्ल सम्बन्धी सेवा र प्रविधिको गुणस्तर निर्धारण, सम्बद्धता निर्धारण, स्तरीकरण, प्रमाणीकरण र नियमन |
| ७ | प्रादेशिक खाद्य सुरक्षा, खाद्य अधिकार, खाद्य सम्प्रभुत्ता र खाद्य गुणस्तर |
| ८ | कृषि तथा पशुपन्छी एवम् खाद्य प्रविधि सम्बन्धी अध्ययन अनुसन्धान एवम् विकास तथा प्रवर्द्धन विशेषज्ञ सेवा, तथ्याङ्क प्रणालीको व्यवस्थापन र स्रोत संरक्षण |
| ९ | कृषि, मल, बीउ र विषादी आपूर्ति व्यवस्था र नियमन |
| १० | कृषि/पशु प्रसार, कृषक तालिम तथा क्षमता विकास र सशक्तिकरण |
| ११ | कृषि उपजको न्यूनतम समर्थन मूल्य कार्यान्वयन |
| १२ | कृषि तथा पशुपन्छी बीमा सम्बन्धी नीति तथा योजना तर्जुमा र कार्यान्वयन |
| १३ | कृषि बजार पूर्वाधार र कृषि फर्म केन्द्रहरुको विकास विस्तार तथा सञ्चालन |
| १४ | राष्ट्रिय नीति र मापदण्ड बमोजिम पाराभेटको दर्ता अनुमति, नविकरण, खारेजी र नियमन |
| १५ | सामुहिक खेती, सहकारी खेती तथा कृषि करार खेतीको कार्यान्वयन र प्रवर्द्धन |
| १६ | चरन तथा खर्क सम्बन्धी प्रादेशिक नीति तथा कानून तर्जुमा कार्यान्वयन र नियमन |
| १७ | कृषिजन्य र पशुपन्छीजन्य औषधी, विषादी र सुक्ष्म पोषणतत्वयुक्त वस्तुको उपयोग र व्यवस्थापन सम्बन्धी प्रादेशिक नीति कानून तथा मापदण्ड तर्जुमा र कार्यान्वयन तथा उत्पादन उपयोग र बिक्री वितरणको अनुमति, अनुगमन र नियमन |
| १८ | भूमि व्यवस्थापन, भूमि प्रशासन र जग्गा नापजाँच, भूमि सुधार, भू-उपयोग/वर्गीकरण तथा चक्लाबन्दी सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड तर्जुमा र कार्यान्वयन र नियमन |
| १९ | नीजि, सरकारी तथा सार्वजनिक जग्गाको प्रादेशिक अभिलेख व्यवस्थापन |
| २० | जग्गादर्ता, रजिष्ट्रेसन, जग्गाधनी प्रमाणपुर्जा दाखिला, खारेज, स्वामित्व हस्तान्तरण सम्बन्धी नीति तथा मापदण्ड तर्जुमा र कार्यान्वयन |
| २१ | संघीय सरकारबाट प्राप्त हुने नक्सा, भौगोलिक सूचना र अभिलेख तथा प्रदेशभित्रको नापनक्सा र अभिलेखको व्यवस्थापन |
| २२ | नाप नक्साका नियन्त्रण विन्दुहरूको सञ्जाल स्थापना |
| २३ | क्रमबद्ध कित्ता नापी र भूमि लगत सम्बन्धी मापदण्ड तर्जुमा र कार्यान्वयन |

| सि.नं. | कार्यजिम्मेवारीहरू |
|---|---|
| २४ | भूमिहिन, सुकुम्बासी, दलित, मुक्तकमैया, हलिया आदि वर्गको बसोबास, जीविकोपार्जन र पुनः स्थापना सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा कार्यान्वयन र नियमन |
| २५ | सरकारी जग्गा भाडामा दिने सम्बन्धी नीति कानून तथा मापदण्ड तर्जुमा कार्यान्वयन र नियमन |
| २६ | सुरक्षित बसोबास र जग्गा एकीकरण सम्बन्धी नीति कार्यान्वयन |
| २७ | गुठी तथा गुठी जग्गा व्यवस्थापन सम्बन्धी नीति कानून मापदण्ड तथा योजना तर्जुमा कार्यान्वयन र नियमन तथा गुठी तथा गुठी जग्गाको संरक्षण, अभिलेख व्यवस्थापन र संघीय तथा स्थानीइ तहसँग समन्वय |
| २८ | गरिबी निवारण सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड एवम् योजनाको तर्जुमा कार्यान्वयन र नियमन तथा अध्ययन अनुसन्धान, सर्वेक्षण, सूचना सङ्कलन, गरिब घर परिवार पहिचान, सामाजिक सुरक्षा र संरक्षण |
| २९ | सहकारी संस्था, सहकारी संघ तथा सहकारी बैङ्क सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्डको तर्जुमा र कार्यान्वयन, सञ्चालन अनुमति, नियमन, तथ्याङ्क व्यवस्थापन र अध्ययन अनुसन्धान |
| ३० | सहकारी बचत तथा ऋण परिचालन सम्बन्धी प्रादेशिक मापदण्ड निर्धारण र नियमन |
| ३१ | सहकारी सम्बन्धमा संघीय अन्तरप्रादेशिक र स्थानीय तहको संघ संस्थासँग समन्वय र सहकार्य |
| ३२ | सहकारी क्षेत्रको विकास तथा प्रवर्द्धन, क्षमता अभिवृद्धि र परिचालन |
| ३३ | गरिबी निवारण सम्बन्धी कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन |
| 34 | गरिबी निवारण सम्बन्धी अन्तर मन्त्रालय तथा अन्तर निकाय समन्वय |

*स्रोतः गण्डकी प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसूची २ (६)*

## १.५ सँगठन संरचना

गत आ.व. मा गण्डकी प्रदेश मन्त्रिपरिषद्को मिति २०७७/०७/२७ को निर्णयबाट यस मन्त्रालयको नयाँ सँगठन तथा व्यवस्थापन स्वीकृत भएको छ। जसअनुसार सो निर्णय अघि प्रदेशका ११ वटा जिल्लाहरु मध्ये ६ वटा जिल्लाहरुमा कृषि ज्ञान केन्द्र र ७ वटा जिल्लाहरुमा मात्र भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रहरु रहेकोमा क्रमशः ५ र ४ वटा कृषि ज्ञान केन्द्र र भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञहरु थप भई हाल प्रदेशको ११ वटै जिल्लाहरुमा उक्त कार्यालयहरु रहेका छन्। मन्त्रालय मातहत कृषि विकास र पशुपन्छी तथा मत्स्य विकास गरी २ वटा निर्देशनालयहरु रहेका छन्। कृषि विकास निर्देशनालय मातहत १ तालिम केन्द्र, ३ वटा प्रयोगशाला, ३ वटा फार्म/स्रोत केन्द्र र ११ वटा कृषि ज्ञान केन्द्र गरी १८ वटा कार्यालय र पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय मातहत १ तालिम केन्द्र, १ मत्स्य विकास केन्द्र र ११ वटा भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र गरी १३ वटा कार्यालयहरु रहेका छन्। नयाँ स्वीकृत सँगठन संरचना अनुसार थप भएको सहकारी रजिष्ट्रारको कार्यालय सहित मन्त्रालय मातहत कुल ३४ वटा कार्यालयहरु रहेका छन्। यस बाहेक मन्त्रालयको एकाइको रुपमा स्याङ्जाको मालुङ्गा र तनहुँको आँबुखैरेनीमा द्रुत विषादी अवशेष विश्लेषण प्रयोगशाला रहेका छन्।

मिति २०८१ गते बाट केहि संरचनाहरु थपघट भएको र मिति २०८१ भाद्र १७ गते मन्त्रालयको नाम समेत कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय नामाकरण गरिएको हो। यस मन्त्रालयको द्रुत विषादी अवशेष विश्लेषण प्रयोगशालाबाट कृषि तथा पशुपन्छी नियमन एकाइ भएको।

## १.६ मन्त्रालयको सँगठन संरचना



## १.७ मन्त्रालयको कार्यविवरण

यस मन्त्रालयमा देहायमा उल्लेखित ५ वटा महाशाखाहरु रहेका छन्।

१. प्रशासन तथा सहकारी महाशाखा
२. योजना तथा अनुगमन महाशाखा
३. कृषि विकास महाशाखा
४. पशुपन्छी विकास महाशाखा
५. भूमि व्यवस्था तथा भूमिश्रोत नक्साङ्कन महाशाखा

### १.७.१ प्रशासन तथा सहकारी विकास महाशाखा

प्रशासन तथा सहकारी महाशाखा अन्तर्गत चार वटा शाखाहरु रहेका छन्। मन्त्रालयको आन्तरिक व्यवस्थापन तथा सुशासन प्रवर्द्धन सम्बन्धी कार्य सम्पादन गर्ने, अन्तर मन्त्रालय समन्वय, अन्तर महाशाखा समन्वय, आन्तरिक नियन्त्रण प्रणालीको स्थापना र कार्यान्वयन, मन्त्रिपरिषद्मा पेश गरिने प्रस्तावहरु तयार पार्ने तथा मातहतका शाखाहरुको कार्यको दैनिक, मासिक प्रगति नियमित रुपमा लिई मन्त्रालयको सचिव समक्ष पेश गर्ने तथा मन्त्रालयको सचिवको निर्देशन अनुसार मन्त्रालय सहज रुपमा सञ्चालन गर्ने यो महाशाखाको प्रमुख कार्यजिम्मेवारी रहेको छ।

**कर्मचारी प्रशासन शाखा**

मन्त्रालयको प्रशासन तथा सहकारी विकास महाशाखा अन्तर्गत रहने यो शाखाको प्रमुख जिम्मेवारी निम्नानुसार रहेको छ।

- मन्त्रालयबाट हुने सम्पूर्ण प्रशासनिक कार्यहरु सम्पादन गर्ने तथा मातहतका कार्यालयहरुको प्रशासनिक कार्यहरुको समन्वय गर्ने,
- मन्त्रालय र अन्तर्गतका कर्मचारीहरुको नियुक्ति, बिदा, काज, सरुवा, बढुवा, तालिम, प्रोत्साहन, पुरस्कार, छात्रवृत्ति, विभागीय कारवाही लगायतका प्रशासनिक कार्यहरु सम्पादन गर्ने निर्णयका लागि राय साथ पेश गर्ने,
- मन्त्रालय निरीक्षण, पालो-पहरा, सरसफाई, सवारी साधनको व्यवस्था, आदि कार्यहरु गर्ने गराउने,
- मन्त्रालय र मातहतका सबै कार्यालयका कर्मचारीहरुको कार्यसम्पादन मूल्याङ्कन सम्बन्धी सम्पूर्ण काम गर्ने,
- मन्त्रालयमा माग भई आएका प्रशासनिक राय, सल्लाह, सुझाव तथा निर्देशनहरु सम्बन्धित निकायलाई उपलब्ध गराउने,
- मन्त्रालय र अन्तर्गतका कार्यालयहरुको सम्पूर्ण प्रशासनिक कार्यहरुको अनुगमन, समन्वय र निर्देशन गर्ने,
- स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन गरी आवश्यकता अनुसार महाशाखा प्रमुख समक्ष पेश गर्ने,
- कर्मचारी प्रशासनको निर्णयको क्रममा महाशाखा प्रमुखलाई राय उपलब्ध गराउने,
- शाखालाई तोकिएका कार्यहरुका अतिरिक्त कुनै पनि शाखाले सम्पादन गर्ने भनी किटानी नगरिएका सम्पूर्ण कार्य गर्ने।

कृषि तथा सहकारी मन्त्रालय, गण्डकी प्रदेश

**आर्थिक प्रशासन शाखा**

मन्त्रालयको प्रशासन तथा सहकारी महाशाखा अन्तर्गत रहने यो शाखाको प्रमुख जिम्मेवारी निम्नानुसार रहेको छ।

- मन्त्रालयको आर्थिक वित्तीय प्रशासन तथा व्यवस्थापन सम्बन्धी कार्य गर्ने,
- आयोजना र कार्यक्रमहरुको आवधिक विवरण तथा फाँटबारीहरु तयारी सम्बन्धी कार्य गर्ने,
- मन्त्रालय र अन्तर्गतका कार्यालयहरुबाट सञ्चालन हुने आयोजना र कार्यक्रमहरुको साधारण तथा पुँजीगत बजेट तयारीका क्रममा योजना शाखासँग समन्वय सम्बन्धी कार्य गर्ने,
- मन्त्रालय र अन्तर्गतका कार्यालयहरुका लागि कोष तथा लेखा नियन्त्रक कार्यालयबाट चालु र पुँजीगत बजेट निकासा आर्थिक कारोवार गर्ने, श्रेस्ता राख्ने र नियमित रुपमा प्रतिवेदन तयारी सम्बन्धी कार्य गर्ने,
- बहुवर्षिय खरिद गुरुयोजनाको खर्च सम्बन्धी अभिलेख राख्ने,
- आन्तरिक तथा अन्तिम लेखापरीक्षण सम्बन्धी कार्य गर्ने,
- महालेखापरीक्षकको कार्यालयबाट औंल्याईएका बेरुजु तथा पेश्की फछ्र्यौट सम्बन्धी कार्य गर्ने,
- सचिव र महाशाखा प्रमुखलाई आर्थिक प्रशासनको निर्णयमा राय प्रतिकृया दिने सम्बन्धी कार्य गर्ने,
- महालेखा नियन्त्रक कार्यालयको निर्देशन कार्यान्वन समबन्धी कार्य गर्ने,
- मन्त्रालयका महाशाखाहरु बीच बजेट तथा आर्थिक कार्यक्रमको समन्वय गर्ने।

**कानून तथा फैसला कार्यान्वयन शाखा**

मन्त्रालयको प्रशासन तथा सहकारी महाशाखा अन्तर्गत रहने यो शाखाको प्रमुख जिम्मेवारी निम्नानुसार रहेको छ।

- सचिव, महाशाखा प्रमुखहरु, निर्देशनालय वा आयोजनाहरुबाट कानुनी राय माग भएको विषयमा कानुनी राय परामर्श उपलब्ध गराउने सम्बन्धी कार्य गर्ने,
- मन्त्रालय र अन्तर्गतका कार्यालयहरुमा परेका विवाद निरुपण सम्वन्धी विषयमा लिखित जवाफ तथा पुनरावेदन पत्र तयार गरी सम्बन्धित निकायमा दर्ता गराउने, फैसला कार्यान्वयन सम्बन्धी कार्य गर्ने,
- सचिव, महाशाखा प्रमुखहरु वा निर्देशनालय वा आयोजनाहरुको कानून सम्वन्धी विषयमा मन्त्रालयको तर्फबाट न्यायिक, अर्ध न्यायिक विषयमा मन्त्रालयको तर्फबाट प्रतिनिधित्व गर्ने सम्बन्धी कार्य गर्ने,
- मन्त्रालयबाट प्रदेश सभा तथा मन्त्रिपरिषद्मा पेश गरिने विधयेक तथा नियमावलीहरुको मस्यौदा, निर्देशिका, कार्यविधिहरु सम्बन्धित महाशाखाहरुको समन्वयमा ड्राफ्ट गर्ने,
- अदालतबाट मन्त्रालय र अन्तर्गतका कार्यालय सम्बन्धमा भएका फैसला कार्यान्वयन गर्ने।

**सहकारी तथा गरिबी निवारण शाखा**

सहकारी तथा गरिबी निवारण शाखाको प्रमुख जिम्मेवारी निम्नानुसार रहेको छ।

- सहकारी संघ संस्था तथा सहकारी बैङ्क सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्डको तर्जुमा र कार्यान्वयन, सञ्चालन अनुमति, नियमन, तथ्याङ्क व्यवस्थापन र अध्ययन अनुसन्धान गर्ने,
- सहकारी क्षेत्रको विकास तथा प्रवर्द्धन, क्षमता अभिवृद्धि र परिचालन गर्ने,
- सहकारी बचत तथा ऋण परिचालन सम्बन्धी प्रादेशिक मापदण्ड निर्धारण र नियमन गर्ने,
- सहकारी सम्बन्धमा संघीय अन्तरप्रादेशिक र स्थानीय तहको संघ संस्थासँग समन्वय र सहकार्य गर्ने,

- गरिबी निवारण सम्बन्धी प्रादेशिक नीति, कानून मापदण्ड एवम् योजनाको तर्जुमा कार्यान्वयन र नियमन तथा अध्ययन अनुसन्धान सर्वेक्षण, सूचना सङ्कलन गरिब घर परिवार पहिचान सामाजिक सुरक्षा र संरक्षण गर्ने।

## १.७.२ योजना तथा अनुगमन महाशाखा

मन्त्रालयको अल्पकालीन तथा दीर्घकालिन योजनाहरुको तर्जुमा, वार्षिक बजेट निर्माण, कार्यान्वय, अनुगमन तथा मूल्याङ्कन सम्बन्धी कार्यहरु सम्पादन गर्ने, अन्तर मन्त्रालय समन्वय गर्ने, अन्तर महाशाखा समन्वय गर्ने, आयोजना र कार्यक्रमहरुको आवधिक प्रगतिको अभिलेख राख्ने तथा कार्यक्रम कार्यान्वयनमा देखिएका समस्याहरुको समाधानको लागि आवश्यक कार्य गर्ने तथा मातहतका शाखाहरुको कार्यको दैनिक, मासिक प्रगति नियमित रुपमा मन्त्रालयको सचिव समक्ष पेश गर्ने तथा मन्त्रालयको सचिवको निर्देशन अनुसार आवधिक योजना र वार्षिक कार्यक्रम सहज रुपमा सञ्चालन गर्ने यो महाशाखाको प्रमुख कार्य रहेको छ। योजना तथा अनुगमन महाशाखा अन्तर्गत देहाय अनुसार दुई वटा शाखाहरु रहेका छन।

**योजना तथा बजेट शाखा**

योजना तथा बजेट शाखाका मुख्य जिम्मेवारी निम्नानुसार रहेको छ।

- मन्त्रालय र अन्तरगतका निकायबाट सञ्चालन गरिने वार्षिक कार्यक्रमहरुको तर्जुमा गरी महाशाखा प्रमुख समक्ष पेश गर्ने तथा स्वीकृत पश्चात वार्षिक कार्यक्रम कार्यान्वयनको लागि सम्वद्ध निकायहरुमा पठाउने,
- मन्त्रालय र अन्तरगतका निकायको योजना तर्जूमा तथा कार्यक्रम कार्यान्वयन गर्ने क्रममा संघ तथा स्थानीय तहसँग समन्वय गर्ने,
- योजना निर्माण कार्यलाई व्यवस्थित गर्न आवश्यकता र सम्भाव्यताको पहिचान सम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्ने,
- आवश्यकताको आधारमा वार्षिक बजेट संशोधन तथा रकमान्तर सम्बन्धी कार्यहरु गर्ने,
- कृषि, भूमि व्यवस्था तथा सहकारी क्षेत्रको योजना तथा कार्यक्रम सञ्चालनमा अन्य निकायहरुसँग समन्वय गर्ने।

**अनुगमन तथा मूल्याङ्कन शाखा**

अनुगमन तथा मूल्याङ्कन शाखाका मुख्य कार्यहरु निम्नानुसार रहेको छ।

- आयोजना र कार्यक्रमहरुको आवधिक प्रगतिको अभिलेख राख्ने तथा कार्यक्रम कार्यान्वयनमा देखिएका समस्याहरुको समाधानका लागि आवश्यक कार्य गर्ने,
- मन्त्रालय र अन्तर्गतका कार्यक्रमहरुको नियमित रुपमा अनुगमन तथा निरीक्षण गर्ने, अनुगमन तथा निरीक्षण प्रतिवेदनका आधारमा प्रगति विवरण तयार गरी महाशाखा प्रमुख समक्ष पेश गर्ने,
- कार्यक्रम अनुगमन निरीक्षणको लागि कर्मचारी खटाउन महाशाखा प्रमुख मार्फत सिफारिस गराउने,
- मन्त्रालय र अन्तर्गतका बिषयगत कार्यालयहरुले सम्पादन गर्ने कामहरुको आवधिक उपलब्धी सम्बन्धी सूचकहरुको तथ्याङ्क सङ्कलन गरी व्यवस्थित रुपमा भण्डारण र सार्वजनिक गर्ने,
- कृषि, भूमि व्यवस्था तथा सहकारी क्षेत्रको लागि आवश्यक तथ्याङ्कको अद्यावधिक गर्ने।

## १.७.३ कृषि विकास महाशाखा

कृषि विकास महाशाखा अन्तर्गत दुई वटा शाखाहरु रहेका छन्। प्रदेशको खाद्य सुरक्षा सम्बन्धी नीति तथा योजनाको तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन सम्बन्धी कार्यहरु सम्पादन गर्ने, व्यवसायिक कृषि प्रणालीको विकासका लागि आवश्यक नीति, मापदण्ड तथा योजना निर्माणमा समन्वय गर्ने र कृषि विकासमा देखिएका समस्याहरुको समाधानका लागि आवश्यक कार्य गर्ने तथा मातहतका शाखाहरुको कार्यको दैनिक, मासिक प्रगति नियमित रुपमा मन्त्रालयको सचिव समक्ष पेश गर्ने तथा मन्त्रालयको सचिवको निर्देशन अनुसार कृषि विकास सम्बन्धी कार्यक्रम सहज रुपमा सञ्चालन गर्न समन्वय गर्ने यो महाशाखाको प्रमुख कार्यजिम्मेवारी रहेको छ।

**खाद्य सुरक्षा प्रवर्द्धन शाखा**

खाद्य सुरक्षा प्रवर्द्धन शाखाको मुख्य जिम्मेवारी निम्नानुसार रहेको छ।

- प्रदेशस्तरमा खाद्य सुरक्षाको अवस्थाको अनुगमन तथा विश्लेषण गरी मन्त्रालयलाई पृष्टपोषण गर्ने
- प्रदेशस्तरमा मल, बीउ, बेर्ना, विषादी, कृषि यन्त्र लगायतका कृषि सामग्रीको आपूर्ति स्थितिको नियमित अनुगमन गरी मन्त्रालयलाई पृष्ठपोषण गर्ने,
- प्रदेशस्तरमा खाद्य सुरक्षाको दृष्टिकोणले महत्वपूर्ण क्षेत्र र समुदायको पहिचान गरी खाद्य सुरक्षा सम्बन्धी प्रवर्द्धनात्मक कार्यक्रमहरु सञ्चालन गर्न समन्वय गर्ने।

**कृषि व्यवसाय प्रवर्द्धन शाखा**

कृषि व्यवसाय प्रवर्द्धन शाखाको मुख्य जिम्मेवारी निम्नानुसार रहेको छ।

- कृषि व्यवसाय प्रवर्द्धन सम्बन्धी नीति तथा कार्यक्रम तर्जुमा, नीति तथा कार्यक्रमको कार्यान्वयमा समन्वय र अनुगमन गरी मन्त्रालयलाई पृष्ठपोषण गर्ने,
- कृषि उपज बजार तथा पूर्वाधार विकास नीति तथा कार्यक्रम तर्जुमा, नीति तथा कार्यक्रमको कार्यान्वयनमा समन्वय र अनुगमन गरी मन्त्रालयलाई पृष्ठपोषण गर्ने,
- प्रदेशस्तरमा व्यवसायिक कृषिको दृष्टिकोणले महत्वपूर्ण पकेट क्षेत्रको पहिचान गरी कृषि व्यवसाय प्रवर्द्धन सम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्न समन्वय गर्ने,
- कृषि बीमा सम्बन्धी नीति तथा योजना तर्जुमा र कार्यान्वयन गर्ने।

## १.७.४ पशुपन्छी विकास महाशाखा

पशुपन्छी विकास महाशाखा अन्तर्गत दुई वटा शाखाहरु रहेका छन्। प्रदेशको पशुपन्छी तथा मत्स्य विकास सम्बन्धी नीति तथा योजनाको तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन सम्बन्धी कार्यहरु सम्पादन गर्ने, व्यवसायिक पशुपालन प्रणालीको विकासका लागि आवश्यक नीतिख मापदण्ड तथा योजना निर्माणमा समन्वय गर्ने र पशुपन्छी तथा मत्स्य विकासमा देखिएका समस्याहरुको समाधानका लागि आवश्यक कार्य गर्ने तथा मातहतका शाखाहरुको कार्यको दैनिक, मासिक प्रगति नियमित रुपमा मन्त्रालयको सचिव समक्ष पेश गर्ने तथा मन्त्रालयको सचिवज्यूको निर्देशन अनुसार पशुपन्छी विकास सम्बन्धी कार्यक्रम सहज रुपमा सञ्चालन गर्न समन्वय गर्नु यो महाशाखाको प्रमुख कार्यजिम्मेवारी रहेको छ।

**पशु स्वास्थ्य तथा नियमन शाखा**

पशु स्वास्थ्य नियमन शाखाका मुख्य जिम्मेवारी निम्नानुसार रहेको छ।

- पशुपन्छीजन्य औषधी र पोषणयुक्त पशु आहाराको उपयोग र व्यवस्थापन सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड तर्जुमा र कार्यान्वयनका साथै उत्पादन उपयोग र बिक्री वितरणको अनुमति, अनुगमन र नियमन गर्ने,
- भेटेरिनरी अस्पतालको क्षमता विकास तथा स्तरोन्नत्ति गर्न आवश्यक कार्यहरु सञ्चालन गर्ने,
- पशु रोग निदान प्रयोगशाला व्यवस्थापन र नियमन गर्ने,
- पशुपन्छीजन्य रोग एवम् महामारी नियन्त्रणका लागि अनुगमन गरी मन्त्रालयलाई पृष्टपोषण गर्ने।

**पशुपन्छी व्यवसाय प्रवर्द्धन शाखा**

पशुपन्छी व्यवसाय प्रवर्द्धन शाखाको मुख्य जिम्मेवारी निम्नानुसार रहेको छ।

- पशुपन्छी व्यवसाय प्रवर्द्धन सम्बन्धी नीति तथा कार्यक्रम तर्जुमा, नीति तथा कार्यक्रमको कार्यान्वयनमा समन्वय र अनुगमन गरी मन्त्रालयलाई पृष्ठपोषण गर्ने,
- पशुपन्छी उपज बजार तथा पूर्वाधार विकास नीति तथा कार्यक्रम तर्जुमा, नीति तथा कार्यक्रमको कार्यान्वयनमा समन्वय र अनुगमन गरी मन्त्रालयलाई पृष्ठपोषण गर्ने,
- प्रदेशस्तरमा व्यवसायिक पशुपन्छी पालनको दृष्टिकोणले महत्वपूर्ण पकेट क्षेत्रको पहिचान गरी पशुपन्छी व्यवसाय प्रवर्द्धन सम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्न समन्वय गर्ने,
- चरन तथा खर्क सम्बन्धी प्रादेशिक नीती तथा कानून तर्जुमा कार्यान्वयन र नियमन गर्ने,
- पशुपन्छी बिमा सम्बन्धी नीति तथा योजना तर्जुमा र कार्यान्वयन गर्न।

### १.७.५ भूमि व्यवस्था तथा भूमिस्रोत नक्सांकन महाशाखा

प्रदेशको भूमि व्यवस्थापन, भूमि प्रशासन र जग्गा नापजाँच, भूमि सुधार, भू-उपयोग/वर्गिकरण तथा चक्लाबन्दी सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्डको तर्जुमा कार्यान्वयन र नियमन सम्बन्धी कार्यहरु सम्पादन गर्नु यस महाशाखाको मुख्य जिम्मेवारी हो। संघीय सरकारबाट प्राप्त हुने नक्सा भौगोलिक सूचना र अभिलेख तथा प्रदेशभित्रको नापनक्सा र अभिलेखको व्यवस्थापन सम्बन्धी कार्य गर्ने र भूमि सम्बन्धी समस्याहरुको समाधानको लागि आवश्यक कार्य गर्ने तथा मातहतका शाखाहरुको कार्यको दैनिक, मासिक प्रगति नियमित रुपमा मन्त्रालयको सचिव समक्ष पेश गर्न समन्वय गर्नु यो महाशाखाको प्रमुख कार्य हो।

**भूमि व्यवस्थापन शाखा**

भूमि व्यवस्थापन शाखाका मुख्य कार्यहरु तपशिल बमोजिम हुनेछन्।

- नीजि, सरकारी तथा सार्वजनिक जग्गाको प्रादेशिक अभिलेख व्यवस्थापन गर्ने,
- जग्गादर्ता, रजिस्ट्रेसन, जग्गाधनी प्रमाण पुर्जा दाखिल खारेज स्वामित्व हस्तान्तरण सम्बन्धी नीति तथा मापदण्ड तर्जुमा र कार्यान्वयन गर्ने,
- भूमिहिन, सुकुम्बासी, दलित, मुक्त कमैया, हरवा चरवा, आदि वर्गको बसोवास, जीविकोपार्जन र पुनःस्थापना सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा कार्यन्वयन र नियमन गर्ने।

कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, गण्डकी प्रदेश

**भूमिस्रोत नक्सांकन शाखा**

भूमिस्रोत नक्सांकन शाखाका मुख्य कार्यहरुः

- जग्गा नापजाँच, भूमि सुधार, भू-उपयोग/वर्गिकरण सम्बन्धी प्रादेशिक नीति, कानून र मापदण्डको तर्जुमा कार्यान्वयन र नियमन गर्ने,
- नाप नक्साको नियन्त्रण बिन्दुहरुको सञ्चालन स्थापना गर्ने,
- क्रमबद्ध कित्ता नापी र भूमि लगत सम्बन्धी मापदण्ड र कार्यान्वयन गर्ने,
- भू-चक्लाबन्दी सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्डको तर्जुमा कार्यान्वयन गर्ने।

## १.८ मन्त्रालय अन्तर्गतका कार्यालयहरु

### १.८.१ निर्देशनालयहरु

- *कृषि विकास निर्देशनालय, पोखरा।*
- *पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय, पोखरा।*

### १.८.२ सहकारी रजिष्ट्रारको कार्यालय, पोखरा।

### १.८.३ फार्म केन्द्रहरु

- *कृषि विकास स्रोत केन्द्र, वालिङ, स्याङ्जा।*
- *बागवानी विकास स्रोत केन्द्र, पोखरा।*
- *व्यावसायिक कीट विकास केन्द्र, बन्दिपुर, तनहुँ।*
- *मत्स्य विकास केन्द्र, मिर्मी, स्याङ्जा।*

### १.८.४ प्रयोगशालाहरु

- *माटो तथा मल परीक्षण प्रयोगशाला, पोखरा।*
- *बाली संरक्षण प्रयोगशाला, पोखरा।*
- *बीउ बिजन प्रयोगशाला, पोखरा।*

### १.८.५ तालिम केन्द्रहरु

- *कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्र, पोखरा।*
- *पशु सेवा तालिम केन्द्र, पोखरा।*

### १.८.६ कृषि ज्ञान केन्द्रहरु

- *कृषि ज्ञान केन्द्र, मुस्ताङ*
- *कृषि ज्ञान केन्द्र, म्याग्दी*
- *कृषि ज्ञान केन्द्र, बागलुङ*
- *कृषि ज्ञान केन्द्र, पर्वत*
- *कृषि ज्ञान केन्द्र, कास्की*
- *कृषि ज्ञान केन्द्र, स्याङ्जा*
- *कृषि ज्ञान केन्द्र, तनहुँ*
- *कृषि ज्ञान केन्द्र, लमजुङ*
- *कृषि ज्ञान केन्द्र, मनाङ*

कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, गण्डकी प्रदेश

- *कृषि ज्ञान केन्द्र, गोरखा*
- *कृषि ज्ञान केन्द्र, नवलपरासी ब.सु.पू.*

१.८.७ भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रहरु

- *भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, मुस्ताङ*
- *भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, म्याग्दी*
- *भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, बागलुङ*
- *भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, पर्वत*
- *भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, कास्की*
- *भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, स्याङ्जा*
- *भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, तनहुँ*
- *भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, लमजुङ*
- *भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, मनाङ*
- *भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, गोरखा*
- *भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, नवलपरासी ब.सु.पू.*

## १.९ जनशक्ति विवरणः

**तालिका २ः कार्यालयगत जनशक्ति विवरण**

| क्र.सं. | निकायको नाम | दरबन्दी संख्या | स्थायी पदपूर्ति | करार | रिक्त[1] |
|---|---|---|---|---|---|
| १. | कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय | ६० | ३३ | १२ | २७ (१५) |
| २. | कृषि विकास निर्देशनालय र मातहत | २२५ | १६८ | ३७ | ५७ (२०) |
| ३. | पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय र मातहत | १५७ | ९४ | २७ | ६३ (२६) |
| ४. | सहकारी रजिष्ट्रारको कार्यालय | १० | ९ | १ | १ (०) |
| कुल | | ४५२ | ३०४ | ७७ | १४८ (६१) |

## १.१० पहाडी क्षेत्र काष्ठफल तथा फलफूल विकास आयोजना

**परिचय**

नेपाल सरकार एशियाली विकास बैंक तथा विश्व कृषि तथा खाद्य सुरक्षा कार्यक्रमको लगानीमा नेपालका पहाडी क्षेत्रमा १० प्रजातिका फलफूल बालीको विकास तथा विस्तरा गर्न नेपाल सरकारले पहाडी क्षेत्र काष्ठफल तथा फलफूल विकास आयोजना सञ्चालन गरेको छ। आयोजनाको लगानी ९३.४५ मिलियन अमेरिकन डलरको छ भने दातृ निकाय तथा नेपाल सरकारको देहाय अनुसारको सहलगानीमा यो योजना सञ्चालनमा रहेको छ।

| लगानीको स्रोत | लगानी रकम (अमेरिकी डलर) |
|---|---|
| एसियाली विकास बैंकको सहुलियपूर्ण ऋण | १ करोड |

[1] कोष्ठ भित्र रहेको अंकले कुल रिक्त संख्यामा करारबाट पुर्ति भएको संख्या बाहेकको जनाँउदछ।



कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, गण्डकी प्रदेश

| | |
|---|---|
| एशियाली विकास बैंकको अनुदान | ६ करोड |
| विश्व कृषि तथा खाद्य सुरक्षा कार्यक्रमको अनुदान | ९० लाख |
| नेपाल सरकार | १ करोड ४४ लाख ५० हजार |
| जम्मा | १ करोड ३४ लाख ५० हजार |

नेपालका मध्यपहाडी क्षेत्रमा फलफूल बालीको बगैंचा विस्तार गरी फलफूल तथा काष्ठफलको उत्पादन बृद्धि गर्दै मूल्य श्रृंखला प्रवर्द्धनमार्फत ग्रामीण रोजगारी सिर्जना गर्दै कृषकहरुको आयस्तर वृद्धि गर्ने उद्देश्यका साथ आ.व. २०७९/८० देखि २०८६/८७ सम्म सञ्चालन हुने गरी पहाडी क्षेत्र काष्ठफल तथा फलफूल विकास आयोजना (Nuts and Fruits in Hilly Area Project-NAFHA) लागु भएको छ।

यसै आयोजना अन्तर्गत गण्डकी प्रदेशको आयोजना कार्यान्वयन एकाई पोखरामा रहेको छ भने यो आयोजना गण्डकी प्रदेशका १० जिल्लाका ३४ वटा स्थानीय तहहरुमा सञ्चालन भइरहेको छ। यस आयोजनाबाट सञ्चालन हुने मुख्य क्रियाकलापहरु यस प्रकार रहेका छन्।

- ✓ स्किम एकः क्रेडिट ग्यारेन्टी फण्ड
- ✓ स्किम दुईः कृषक, कृषक समूह तथा कृषि सहकारीहरुलाई आंशिक अनुदान
- ✓ स्किम तीनः कृषक सहकारीहरुलाई समपुरक अनुदान
- ✓ स्किम तारः कृषि उद्यमीहरुलाई समपुरक अनुदान
- ✓ स्किम पाँचः स्थानीय तहहरुको सहलगानीमा मूल्य श्रृंखला पूर्वाधार विकासमा अनुदान
- ✓ स्किम छः निजी नर्सरी सुदृढिकरणका लागि समपुरक अनुदान

**आयोजनाको कार्यक्षेत्रः**

| क.सं. | जिल्ला | स्थानीय तह |
|---|---|---|
| १ | गोरखाः ३ स्थानीय तह | आरुघाट गाउँपालिका, पालुङटार नगरपालिका, सिरानचोक गाउँपालिका |
| २ | लमजुङः ५ स्थानीय तह | बेशीसहर नगरपालिका, मध्यनेपाल नगरपालिका, मर्स्याङ्दी गाउँपालिका, राइनास नगरपालिका, सुन्दरबजार नगरपालिका |
| ३ | म्याग्दीः २ स्थानीय तह | अन्नपूर्ण गाउँपालिका, बेनी नगरपालिका |
| ४ | मुस्ताङः ४ स्थानीय तह | थासाङ गाउँपालिका, घरपझोङ गाउँपालिका, बारागुङ मुक्तिक्षेत्र गाउँपालिका, लो घेकर दामोदरकुण्ड गाउँपालिका |
| ५ | बागलुङः ५ स्थानीय तह | बडगाड गाउँपालिका, गल्कोट नगरपालिका, जैमिनी नगरपालिका, काठेखोला गाउँपालिका, निसीखोला गाउँपालिका |
| ६ | तनहुँः २ स्थानीय तह | म्याग्दे गाउँपालिका, ऋषिङ गाउँपालिका |
| ७ | कास्कीः ३ स्थानीय तह | पोखरा महानगरपालिका, मादी गाउँपालिका, अन्नपूर्ण गाउँपालिका |
| ८ | स्याङ्जाः ३ स्थानीय तह | बिरुवा गाउँपालिका, चापाकोट गाउँपालिका, गल्याङ नगरपालिका |
| ९ | पर्वतः ४ स्थानीय तह | जलजला गाउँपालिका, कुश्मा नगरपालिका, मोदी गाउँपालिका, फलेवास नगरपालिका |

| क्र.सं. | जिल्ला | स्थानीय तह |
|---|---|---|
| ९ | गोरखाः ३ स्थानीय तह | आरुघाट गाउँपालिका, पालुङटार नगरपालिका, सिरानचोक गाउँपालिका |
| १० | मनाङः ३ स्थानीय तह | नासों गाउँपालिका, चामे गाउँपालिका, मनाङ डिस्याङ गाउँपालिका |

# २. आ.व. २०८१/८२ को वार्षिक विकास कार्यक्रमको बजेट

## २.१ आ.व. २०८१/८२ को सुरु र संशोधित वार्षिक विकास बजेट

**तालिका ३: आ.व. २०८१/८२ को सुरु र संशोधित वार्षिक विकास बजेट**

| क्र.सं. | प्रकृति | वार्षिक विनियोजन (रु.) | |
|---|---|---|---|
| | | सुरु | संशोधित |
| १ | चालु | १,९०,४५,५७,००० | १,८८,१८,९४,००० |
| २ | पूँजीगत | १९,५९,९०,००० | १८,२०,२१,००० |
| ३ | **समष्टिगत** | २,०९,२१,०७,००० | २,०६,३९,१५,००० |

## २.२ आ.व. २०८१/८२ को स्रोतगत वार्षिक विकास कार्यक्रमको बजेट

**तालिका ४: आ.व. २०८१/८२ को स्रोतगत वार्षिक विकास काउषक्रमको बजेट**

| क्र.सं. | बजेटको स्रोत | वार्षिक विनियोजन (रु.) | | |
|---|---|---|---|---|
| | | चालु | पुँजीगत | जम्मा |
| १ | प्रदेश सरकार | १,६१,१९,२७,००० | १४,६२,७१,००० | १,७५,८१,९८,००० |
| २ | वित्तीय समानीकरण | ० | ० | ० |
| ३ | विशेष अनुदान | ५,६०,००,००० | ० | ५६,००,००० |
| ४ | नेपाल सरकार (संघीय सशर्त) | २१,३९,६७,००० | ३,५७,५०,००० | २४,९७,१७,००० |
| | **समष्टिगत** | **१,८८,१८,९४,०००** | **१८,२०,२१,०००** | **२,०६,३९,१५,०००** |

## २.३ कार्यालयगत वार्षिक बजेट बाँडफाँट

**तालिका ५: कार्यालयगत वार्षिध बजेट बाँडफाँट**

| क्र.सं. | कार्यालयहरु | बजेट रु हजारमा | | | बजेट प्रतिशत |
|---|---|---|---|---|---|
| | | चालु | पुँजीगत | जम्मा | |
| १ | **कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय** | १२५८५३ | ६३०० | १३२१५३ | ६.४० |
| २ | **सहकारी रजिष्ट्रारको कार्यालय** | २९०३४ | १२८५ | ३०३१९ | १.४७ |
| ३ | कृषि विकास निर्देशनालय, पोखरा | ६८३०० | ८५० | ६९१५० | ३.३५ |
| ४ | कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्र, पोखरा | २४१८५ | १३३० | २५५१५ | १.२४ |
| ५ | बाली संरक्षण प्रयोगशाला, बिरौटा, पोखरा १७, कास्की | २३६०० | ३५०० | २७१०० | १.३१ |
| ६ | माटो तथा मल परीक्षण प्रयोगशाला, बिरौटा, कास्की | २२११३ | २६५० | २४७६३ | १.२० |

| क्र.सं. | कार्यालयहरु | बजेट रु हजारमा | | | बजेट प्रतिशत |
|---|---|---|---|---|---|
| | | चालु | पुँजीगत | जम्मा | |
| ७ | प्रदेश बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्र | १८१११ | ८०८० | २६१९१ | १.२७ |
| ८ | कृषि विकास स्रोत केन्द्र | २१९८७ | २४३२५ | ४६२९२ | २.२४ |
| ९ | बागवानी विकास स्रोत केन्द्र | २१००० | १५०० | २२५०० | १.०९ |
| १० | व्यवसायिक किट विकास केन्द्र | २१६३९ | १५०० | २३१३९ | १.१२ |
| ११ | कृषि ज्ञान केन्द्र तनहुं | ७६४२१ | १२०० | ७७६२१ | ३.७६ |
| १२ | कृषि ज्ञान केन्द्र स्याङजा | ७७७१० | ४२०० | ८१९१० | ३.९७ |
| १३ | कृषि ज्ञान केन्द्र, कास्की | ६७००८ | १००० | ६८००८ | ३.३० |
| १४ | कृषि ज्ञान केन्द्र, गोरखा | ६५३८० | १५०० | ६६८८० | ३.२४ |
| १५ | कृषि ज्ञान केन्द्र, नवलपूर | ८०६५६ | ६०० | ८१२५६ | ३.९४ |
| १६ | कृषि ज्ञान केन्द्र, पर्वत | ६५५४८ | १२०० | ६६७४८ | ३.२३ |
| १७ | कृषि ज्ञान केन्द्र, बाग्लुङ | ६८१७१ | ३००० | ७११७१ | ३.४५ |
| १८ | कृषि ज्ञान केन्द्र, मनाङ | ३०१०२ | १४०० | ३१५०२ | १.५३ |
| १९ | कृषि ज्ञान केन्द्र, मुस्ताङ | ३४७६७ | ५३० | ३५२९७ | १.७१ |
| २० | कृषि ज्ञान केन्द्र, म्याग्दी | ४७६६७ | ५०० | ४८१६७ | २.३३ |
| २१ | कृषि ज्ञान केन्द्र, लमजुङ | ६११०५ | ६०० | ६१७०५ | २.९९ |
| | **कृषि क्षेत्रको जम्मा** | **८९५४५०** | **५९४६५** | **९५४९१५** | **४६.२७** |
| २२ | पशुपंक्षी तथा मत्स्य विकास निर्देशनालय, पोखरा | ८४५४८ | १०००० | ९४५४८ | ४.५८ |
| २३ | पशु सेवा तालिम केन्द्र, पोखरा | २१२८६ | ३००० | २४२८६ | १.१८ |
| २४ | मत्स्य विकास केन्द्र, मिर्मी | ३०००० | १००० | ३१००० | १.५० |
| २५ | भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, पोखरा | ७२१८० | ६५०० | ७८६८० | ३.८१ |
| २६ | भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, लमजुङ | ४५३०० | १००० | ४६३०० | २.२४ |
| २७ | भेटेरिनरी अस्पताल तथा पशु विज्ञ केन्द, मनाङ | १७९९६ | १००० | १८९९६ | ०.९२ |
| २८ | भेटेरिनरी अस्पताल तथा पशु विज्ञ केन्द, मुस्ताङ | २३८४४ | ८०० | २४६४४ | १.१९ |
| २९ | भेटेरिनरी अस्पताल तथा पशु विज्ञ केन्द्र, नवलपूर | ६३०२४ | १५०० | ६४५२४ | ३.१३ |
| ३० | भेटेरिनरी अस्पताल तथा पशु विज्ञ केन्द्र, पर्वत | ३९९५० | १५०० | ४१४५० | २.०१ |
| ३१ | भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र बाग्लुङ | ४५५०३ | १२०० | ४६७०३ | २.२६ |
| ३२ | भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, गोरखा | ६३०३० | ११८० | ६४२१० | ३.११ |
| ३३ | भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, तनहुं | ५७३०० | २८००० | ८५३०० | ४.१३ |
| ३४ | भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, म्याग्दी | २९२८८ | ८००० | ३७२८८ | १.८१ |
| ३५ | भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, स्याङजा | ४७६८४ | ७००० | ५४६८४ | २.६५ |
| | **पशुपन्छी तथा मत्स्य क्षेत्रको जम्मा** | **६४०९३३** | **७१६८०** | **७१२६१३** | **३४.५३** |
| **३६** | **पहाडी क्षेत्र काष्ठफल तथा फलफूल विकास आयोजना,** | **१९०६२४** | **३५७५०** | **२२६३७४** | **१०.९७** |

| क्र.सं. | कार्यालयहरु | बजेट रु हजारमा | | | बजेट प्रतिशत |
|---|---|---|---|---|---|
| | | चालु | पुंजीगत | जम्मा | |
| | आयोजना कार्यान्वयन ईकाइ, गण्डकी प्रदेश | | | | |
| ३७ | नापी कार्यालयहरु | ० | २२२७ | २२२७ | ०.११ |
| ३८ | मालपोत कार्यालयहरु | ० | ५३१४ | ५३१४ | ०.२६ |
| कुल जम्मा | | १८८१८९४ | १८२०२१ | २०६३९१५ | १०० |

## २.४ यस मन्त्रालयमा हालसम्म प्राप्त बजेट

**तालिका ६: मन्त्रालयमा हालसम्म प्राप्त बजेट**

| क्र.सं. | आ.व. | बिनियोजित बजेट (रु. हजारमा) | | | खर्च रु हजारमा | खर्च प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | चालु | पूँजीगत | कुल | | | |
| १. | २०७५/७६ | २०३२४८२ | ३५८००३ | २३९०४८५ | १४३६३२३ | ६०.०८ | प्रदेश सरकार, संघीय सशर्त र विशेष अनुदान गरी एकमुष्ट |
| २. | २०७६/७७ | २१८८३८६ | ३२०१८० | २५०८५६६ | १६१४७३० | ६४.३० | |
| ३. | २०७७/७८ | २७०१९२५ | ४८८६१९ | ३१९०५४४ | २०५९०८२ | ६४.५० | |
| ४. | २०७८/७९ | १८५९६५३ | २७६४७९ | २१३६१३२ | १५७६५५० | ७३.८० | |
| ५. | २०७९/८० | १७९६३०१.४ | १९२३५० | १९८८६५१ | १५०६५५० | ७५.८४ | |
| ६. | २०८०/८१ | २०५७३४९ | १८७३४८ | २२४४६९७ | १३४८२८४.२१ | ६०.०० | |
| ७. | २०८१/८२ | १८८१८९४ | १८२०२१ | २०६३९१५ | १४१२९५० | ६८.४६ | |

## २.५ NAFHA को आयोजना सुरुवातदेखि २०८२ असार मसान्तसम्मको बजेट तथा खर्च

**तालिका ७: आ.व. २०८१/८२को बजेट तथा खर्च**

| क्र.सं. | स्रोत | आ.व. २०७९/८० | | आ.व. २०८०/८१ | | आ.व. २०८१/८२ | | शुरूवात देखि २०८२/०३/३० सम्मको | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | विनियोजन | खर्च | विनियोजन | खर्च | विनियोजन | खर्च | विनियोजन | खर्च |
| १ | ए.डि.बि. ऋण | १४५८६ | ७९९.८ | ११३२०० | १५१० | १४०२०० | ९५१७.४५ | २६७९८६ | ११८२७.२५ |
| | ए.डि.बि. अनुदान | ७२४२ | ६१७८ | २९८०० | २८८५ | ३५५०० | ३३४४१.८६ | ७२५४२ | ४२५०४.८६ |
| | जि.ए.एफ.एस.पी. अनुदान | ४६३.५ | २५६.७ | १५८०० | ६४७ | १८४०० | १४०७७.११ | ३४६६३.५ | १४९८०.८१ |
| | नेपाल सरकार | ९४२१ | ९७२ | २३४०० | ९४९ | २२९४७ | ७४९४.२८ | ५५७६८ | ९४१५.२८ |
| | जम्मा | ३१७१२.५ | ८२०६.५ | १८२२०० | ५९९१ | २१७०४७ | ६४५३०.६९ | ४३०९५९.५ | ७८७२८.१९ |
| २ | प्रदेश सरकार | ० | ० | ८६८९ | ५८१६ | ९३२७ | ७०५४.५६ | १८०१६ | ७०५४.५६ |
| एकमुष्ठ | | ३१७१२.५ | ८२०६.५ | १९०८८९ | ११८०७ | २२६३७४ | ७१५८५.२५ | ४४८९७५.५ | ९१५९८.७५ |

## ३. मन्त्रालयको प्रगति विवरणः

### ३.१ मन्त्रालय तथा मातहत कार्यालयको विनियोजित बजेट र खर्चको संक्षिप्त विवरण

मन्त्रालय र मातहत कार्यालयको एकमुष्ठ भारित प्रगति ८७.६८ प्रतिशत र वित्तीय प्रगति ६८.४६ प्रतिशत रहेको पाइयो। कृषि ज्ञानकेन्द्रहरु मध्येबाट कृषि ज्ञान केन्द्र, बागलुङको खर्च प्रगति प्रतिशत ८१.५३ प्रतिशत र भारित प्रगति प्रतिशत ९० प्रतिशत र भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्रहरुमध्ये कास्कीको खर्च प्रतिशत ८२.४५ प्रतिशत र भारित प्रगति ९३.३० प्रतिशत हासिल गरी उच्च रहेको रहेको पाइयो। सबै कार्यालयको बजेट तथा वार्षिक खर्च विवरण हर्दा देहाय बमोजिम रहेको पाइयो। त्यसैगरी ३५ कार्यालयमध्ये वित्तीय प्रगति ८० प्रतिशत भन्दा बढी गर्ने ९ वटा कार्यालय, ७० भन्दा बढि देखि ८० प्रतिशतसम्म वित्तीय प्रगति गर्ने ८ वटा कार्यालय, ६ भन्दा बढि देखि ७० प्रतिशतसम्म वित्तीय प्रगति गर्ने ३ वटा कार्यालय, ५० भन्दा बढि देखि ६० प्रतिशतसम्म वित्तीय प्रगति गर्ने ५ वटा कार्यालय, ५० भन्दा कम वित्तीय प्रगति गर्ने कुनै पनि कार्यालय नरहेको प्रगति हासिल गरेका छन्।

#### ३.१.१ कृषि क्षेत्रमा भएको प्रगतिको समिक्षाः

गण्डकी प्रदेशमा कुल क्षेत्रफलको २२.२ प्रतिशत मात्र भूभाग खेतीयोग्य जमिन रहेको मध्ये करिव ७६ प्रतिशत जमिनमा मात्र खेती हुने गरेको छ। खेती गरिएको जमिनको १९.५ प्रतिशत भूमिमा मात्र बाह्रै महिना सिँचाइ सुविधा उपलब्ध रहेको छ। सडक सुविधा विस्तार र कृषिमा व्यावसायिकताको उच्च पहाडी क्षेत्रमा स्याउ खेती, पहाडी क्षेत्रमा सुन्तलाजात फलफूल तथा नगदेबाली र बेसी तथा भित्री मधेसमा तरकारी खेतीको अभ्यास व्यापक हुँदै गएको छ। पशुपन्छी तर्फ उच्च हिमाली क्षेत्रमा याक र च्याङ्ग्रापालका साथै भेडापालन

आर्थिक वर्ष २०८०/८१ मा खाद्यान्न उपलब्धता ४३५ केजी प्रति वर्ष प्रति व्यक्ति रहेको छ। वार्षिक कृषिजन्य उत्पादन अवस्था हेर्दा आ.व. २०८०/८१ मा ९ लाख ३१ हजार २ सय ९३ मे.टन खाद्यान्न, २० हजार ६ सय ७ मे.टन दलहन, ८ हजार ५ सय २७ मे.टन तेलहन, २ लाख ७८ हजार ५ सय ८३ मे.टन तरकारी, १ लाख ३६ हजार ६ सय ६६ मे.टन फलफूल र ३ लाख ६३ हजार ३ सय ७६ मे.टन आलु उत्पादन भएको देखिन्छ। सोही तथ्याङ्कअनुसार प्रदेशमा प्रतिव्यक्ति वार्षिक उपलब्धता १८८.९५ के.जी. खाद्यान्न, ६.२४ के.जी. दलहन, १.३२ के.जी. तेलहन, १०१ के.जी. तरकारी, ३६.२७ के.जी. फलफूल र ११२.७४१ के.जी. आलु रहेको छ।

उन्नत बीउ बिजन, गुणस्तरीय बेर्ना तथा आधुनिक प्राविधिक सेवा उपलब्ध गराउन स्रोत केन्द्रहरू, बिउ बिजन प्रयोगशाला, बाली संरक्षण प्रयोगशाला, माटो तथा मल परीक्षण प्रयोगशाला र भेटेरिनरी प्रयोगशालाको सुदृढीकरण तथा सेवा विस्तार हुँदै गएको छ। माटो तथा मल परीक्षण प्रयोगशाला र बाली संरक्षण प्रयोगशाला सञ्चालन गरिएको छ।

कृषिमा जलवायु परिवर्तन अनुकूलनका लागि जलवायुमैत्री कृषि प्रविधि प्रवर्द्धनका प्रयासहरू भएका छन् जस अन्तर्गत १५ वटा गाउँमा अनुकुलन प्रविधि अबलम्वन कार्यको थालनी भएको छ। कुल ३ हजार ३ सय २० वटा व्यवसायिक कृषि तथा पशुपन्छी फार्म स्थापना भएका छन्। प्रदेश स्थापना पश्चात ७ वटा कोल्ड स्टोर साथै ८५ वटा कोल्ड रुम निर्माण भएका छन्। त्यस्तै ४ वटा प्राङ्गारिक मल कारखाना तथा एउटा बायोचार उत्पादन कारखाना

निर्माण भई सञ्चालनमा आएको छ। खाद्यान्न उत्पादन अभिवृद्धि गर्न सम्भाव्यताका आधारमा चैते धान खेतीको विस्तार भएको कृषि ऋणको व्याज अनुदान, कृषि बीमा प्रवर्द्धन, सुन्तलाको उत्पादन प्रवर्द्धन र रैथाने बाली संरक्षण तथा प्रवर्धनात्मक कार्यबाट सकारात्मक उपलब्धि हासिल भएका छन्।

### ३.१.२ पशुपन्छी तथा क्षेत्रमा भएको प्रगतिको समिक्षाः

पशुपालनको क्षेत्रमा गण्डकी प्रदेशमा सकारात्मक उपलब्धि हासिल भएका छन्। आ.व. २०८०/१८ मा दूध उत्पादन वार्षिक २ लाख ५५ हजार ६ सय ६१ मे.टन, मासु उत्पादन ५० हजार १ सय ६१ मे.टन, अण्डा उत्पादन १५.०९ करोड गोटा, उन उत्पादन ४४.२८ हजार केजी र मत्स्य उत्पादन १ हजार ५ सय ४६ मे.टन रहेको छ। पशुपन्छीजन्य उत्पादनमा दूध, अण्डा र माछामासुको प्रति व्यक्ति प्रति वर्ष उपलब्धता क्रमशः १०३.६६ लि., ६१.२२ गोटा र २०.९६ के.जी रहेको छ। जसअनुसार प्रति व्यक्ति प्रति वर्ष न्यूनत्तम आवश्यकताको आधारमा यस गण्डकी प्रदेश दूध, अण्डा र मासुमा आत्मनिर्भर रहेको छ।

प्रदेश सरकारले पशुपन्छी तथा मत्स्यपालन व्यवसायलाई व्यावसायिक, प्रतिस्पर्धी र प्रविधियुक्त बनाउने दिशामा अग्रसर रहेको छ। यसका लागि पशु नश्ल सुधारका लागि पाडी बाच्छी हुर्काउन प्रोत्साहन र पशु प्रजनन प्रवर्द्धन कार्यक्रमहरु रहेका छन भने उत्पादनमा आधारित प्रोत्साहन अन्तरगत दूध र मासुमा अनुदान र घाँसमा आधारित पशुपालन प्रवर्द्धन गर्न बाँझो जग्गामा घाँस खेती प्रवर्द्धनमा जोड दिएको छ। त्यसैगरी, पशु आनुवांशिक स्रोत संरक्षण, पशु बीमा तथा कल्याण र पशु स्वास्थ्य सम्बन्धी कार्यक्रम कार्यान्वयनमा ल्याईएको छ। नवलपरासी तथा न्यानो हुने स्थानमा न्यानो पानीमा हुने मत्स्यपालनका लागि वर्षेनी क्षेत्र बिस्तारका लागि नयाँ पोखरी निर्माण तथा पुराना पोखरी मर्मत कार्यक्रमका साथै यान्त्रीकीकरणका कार्यक्रमहरु सञ्चालन गरिकएको छ। पहाडी तथा उच्चपहाडी क्षेत्रमा रेन्बो ट्राउट फार्म स्थापना तथा सहयोगका कार्यक्रममा पनि सहयोग कार्यक्रमहरु सञ्चालन गरिएको छ। कास्कीमा आधुनिक भेटेरिनरी मोडेल अस्पताल निर्माण सम्पन्न भई विशिष्टिकृत सेवा प्रवाह सुरुवात भएको र तनहुँमा भेटेरिनरी मोडेल अस्पताल निर्माणाधीन अवस्थामा रहेको छ। पशुपन्छीको खोप उपलब्धता सुनिश्चित गर्नका लागि प्रादेशिक भ्याक्सिन बैंक सञ्चालनमा ल्याइएको छ।

### ३.१.३ भूमि व्यवस्थाको प्रगती सम्बन्धी विवरण

कित्ता नापी नक्सामा सार्वजनिक बाटो अध्यावधिक गर्ने कार्यक्रम तर्फ १ सय वटा कन्ट्रोल पोईन्ट स्थापना भएको छ। सो कार्यक्रम मार्फत कुल २ सय कि.मि. बाटोको फिल्ड सर्भे सम्पन्न गरी १६ कि.मी. बाटोको लगत तयार गरी लगत कट्टीका लागि आवश्यक प्रकृया अगाडि बढाइएको छ। जग्गा चक्लाबन्दी भएका स्थानहरूमा २,४०० रोपनीको नापी नक्सा गरिएको छ। साथै १७ वटा स्थानीय तहहरुसँगको सहकार्यमा ४८३ किलोमिटर सार्वजनिक बाटो कित्ता नापी नक्सामा अद्यावधिक गरिएको छ।

### ३.१.४ सहकारीको प्रगती सम्बन्धी विवरणः

गण्डकी प्रदेशमा हाल करिव २ हजार ६ सय ७१ सहकारी संस्था क्रियाशील रहेका छन्। जसमध्ये प्रदेश क्षेत्राधिकार भित्रका २९० उत्पादक, २१ उपभोक्ता, ३७४ वित्तीय, १८६ बहुउद्देश्यीय र ३४ सेवाको क्षेत्र गरी कुल ९०५ वटा सहकारी संस्था सञ्चालनमा रहेका छन। आर्थिक वर्षको अन्त्यसम्ममा ५७३ सक्रिय र ३३२ निष्क्रिय सहकारी संस्थाहरु रहेका छन्। यस आर्थिक वर्षमा १ प्रदेश कृषि सहकारी संघ दर्ता भएको छ भने ८८ वटा सहकारी संस्था अद्यावधिक गरिएको छ।

प्रदेश क्षेत्राधिकार भित्रका सहकारी संस्थाको कुल शेयर पुँजी रु. १३ अर्व ९३ करोड ५४ लाख १४ हजार ९ सय १७ रहेको छ भने यी संस्थाहरूमा कुल ६ लाख ९४ हजार २ सय १९ सेयर सदस्य आबद्ध रहेका छन। सहकारी क्षेत्रको ऋण लगानी ६३ अर्व ६२ करोड ७ लाख ६८ हजार ४ सय ६३ मध्ये ३ अर्ब ७३ करोड ५६ लाख १२ हजार ९ सय १७ कृषि क्षेत्रमा ऋण लगानी भएको छ जुन कुल ऋणको ५.८७ प्रतिशत मात्र हुन्छ। आवद्ध सदस्यहरूमा महिला, पुरुष र अन्यको संख्या क्रमशः ३७७३९०, ३१२०३२ र ४७९७ गरि कुल ६९४२१९ सदस्य रहेका छन् जुन महिला, पुरुष र अन्यको संख्या क्रमशः ५४.३६, ४४.९५ र ०.६९ प्रतिशत रहेको छ। आ.व. २०८१/८२ मा सहकारी संस्थाबाट प्राप्त आयकर जम्मा रु. १७ करोड ७३ लाख ५ हजार ३ सय २७ रहेको छ।

सहकारी सम्बन्धी क्षमता विकासका लागि सहकारी व्यवस्थापन तालिम, सहकारी लेखा व्यवस्थापन तालिम, सहकारी तथा गरिवी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (COPOMIS) संचालन सम्बन्धी तालिमका साथै सहकारीता, सहकारी ऐन, नियम तथा समसामयिक विषयमा अन्तर्किया गोष्ठीहरु सञ्चालन भएका छन्। प्रदेशभित्रका कुल १०४ वटा सहकारी संस्थाको अनुगमन र नियमन गर्नुका साथै अनुगमनका क्रममा विभिन्न २४ सहकारी संस्थाहरुबाट जरिवाना स्वरूप रु. ३३,५२,०००/- राजस्व दाखिला भएको छ भने ५१ वटा सहकारी संस्थाहरुको विनियम संसोधन तथा पुनर्लेखन स्वीकृत गरिएको छ। सहकारी व्यवस्थापन, लेखा व्यवस्थापन र सहकारी ऐन नियमसम्बन्धी विभिन्न तालिम र अभिमुखीकरण गोष्ठीमा १,९२० जना सहभागीहरूलाई प्रशिक्षण दिइएको छ।

कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, गण्डकी प्रदेश

## ३.२ कार्यालयगत वार्षिक वित्तीय र भारित प्रगति प्रतिशत विवरण:

### तालिका ८: कार्यालयगत वार्षिक वित्तीय र भारित प्रगति विवरण

| क्र.सं. | कार्यालयहरु | बजेट | | | खर्च | | | खर्च प्रतिशत | भारित प्रगति प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा | | |
| १ | **कृषि तथा भूमि व्यवस्था मन्त्रालय** | **१२५८५३** | **६३००** | **१३२१५३** | ७९६४७.३०२ | ६११२.१०८ | ८५७५९.४१० | ६४.८९ | ७२.६२ |
| २ | **सहकारी रजिष्ट्रारको कार्यालय** | **२९०३४** | **१२८५** | **३०३१९** | २१६७६.४४० | ११७६.९०२ | २२८५३.३४२ | ७५.३८ | ९०.४२ |
| ३ | कृषि विकास निर्देशनालय, पोखरा | ६८३०० | ८५० | ६९१५० | ३३९१०.३६७ | ७१९.३३१ | ३४६२९.६९८ | ५०.०८ | ६२.१६ |
| ४ | कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्र, पोखरा | २४१८५ | १३३० | २५५१५ | १७६५७.१११ | १३१३.३३२ | १८९७०.४४३ | ७४.३५ | ८९.२१ |
| ५ | बाली संरक्षण प्रयोगशाला, बिरौटा, पोखरा ७, कास्की | २३६०० | ३५०० | २७१०० | १८५५२.१३५ | ३४७८.२४५ | २२०३०.३८० | ८१.२९ | ८१.६५ |
| ६ | माटो तथा मल परीक्षण प्रयोगशाला, बिरौटा, कास्की | २२११३ | २६५० | २४७६३ | १८६६४.३३० | २३९१.२३७ | २१०५५.५६६ | ८५.०३ | ९०.७० |
| ७ | प्रदेश बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्र | १८१११ | ८०८० | २६१९१ | १०४९०.५५४ | ७२६५.८१३ | १७७५६.३६७ | ६७.८० | ८६.३९ |
| ८ | कृषि विकास स्रोत केन्द्र | २१९६७ | २४३२५ | ४६२९२ | १६७८८.८४८ | १६०१७.०२९ | ३२८०५.८७७ | ७०.८७ | ८७.८९ |
| ९ | बागवानी विकास स्रोत केन्द्र | २१००० | १५०० | २२५०० | १७११३.९८६ | १४०२.१५२ | १८५१६.१३८ | ८२.२९ | ९८.५९ |
| १० | व्यवसायिक किट विकास केन्द्र | २१६३९ | १५०० | २३१३९ | १३९६०.६७७ | १४६९.९५३ | १५४३०.६३० | ६६.६९ | ७९.५६ |
| ११ | कृषि ज्ञान केन्द्र तनहुं | ७६४२१ | १२०० | ७७६२१ | ५६८८०.०२३ | ११८९.१८३ | ५८०६९.२०६ | ७४.८१ | ९४.६० |
| | | जग्गा करार गरी कृषि क्षेत्रको विकासका लागि उपयोग गर्ने व्यवस्था मिलाउन यथाशक्य आवश्यक कार्य प्रारम्भ गर्ने।<br>✓ सरकारी तथा सार्वजनिक जग्गा कृषिमा उपयोग गर्ने सम्बन्धमा कानूनी तादम्यता मिलाउन तीनै तहको प्रतिनिधित्व हुने गरी एक उच्चस्तरीय समिति गठन गरी कार्य प्रारम्भ गर्न नेपाल सरकारलाई अनुरोध गर्ने। | | |
| ३ | बाली बीमा कार्यान्वयन सम्बन्धमा | बिगतमा नेपाल सरकारबाट बाली तथा पशुपन्छी बीमा प्रिमियममा ८० प्रतिशत अनुदान उपलब्ध गराउँदै आएकोमा प्रदेश सरकारले २० प्रतिशत अनुदान थप गरी कृषकको लागि निशुल्क बाली बीमा गर्ने नीति अनुरुप यस चालु आ.व. मा बाली बीमाको बिस्तारका लागि रु १,०५,००,०००/- बजेट बिनियोजन भएको। यसै सन्दर्भमा संघीय कृषि तथा पशुपन्छी विकास मन्त्रालयको मिति २०८/०६/१६ को निर्णयानुसार (मन्त्रीस्तर) "बाली तथा पशुधन बीमाको प्रिमियममा अनुदान उपलब्ध गराउने कार्यविधि, २०८१" मिति २०८१/०७/०१ गतेदेखि लागु हुने गरी स्वीकृत भएको। उक्त कार्यविधिमा नेपाल सरकारबाट बीमा प्रिमियम अनुदान सुविधा प्राप्त गरेका कृषक तथा व्यवसायीले प्रदेश तथा स्थानीय तहबाट सोही शीर्षकमा थप अनुदान लिन नपाउने व्यवस्था भएको। उक्त व्यवस्थाले प्रदेशको बीमाका लागि छुट्याइएको बजेट कार्यान्वयनमा असहज हुनुको साथै अत्यन्तै न्यून रहेको बाली बीमाको प्रवर्द्धन तथा बिस्तार गर्ने नीति कार्यान्वयनमा आगामी दिनमा चुनौतीपूर्ण देखिन्छ। समस्याको समाधानका लागि संघीय कृषि तथा पशुपन्छी विकास मन्त्रालयलाई कार्यविधि संशोधनका लागि अनुरोध गर्ने। | कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गण्डकी प्रदेश |
| ४ | कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय अन्तर्गतका विभिन्न कार्यालयहरुको भवन अन्य निकायले प्रयोग गरिरहेकाले कार्य सञ्चालनमा कठिनाई-कृषि ज्ञान केन्द्र, बाग्लुङको कार्यालय भवन बाग्लुङ नगरपालिकाले र कृषि ज्ञान केन्द्र, कास्कीको कार्यालय भवनको केही भाग प्र.ले.नि.का ले प्रयोग गरिरहेको | सम्बन्धित निकायसँग समन्वय गरी उल्लेखित भवनहरु प्रदेश अन्तर्गत स्थापना भएका कृषि ज्ञान केन्द्रहरुलाई नै उपलब्ध हुने व्यवस्था मिलाउन यस पूर्वका बैठकहरुमा निर्णय भएकोमा हालसम्म पनि निर्णय कार्यान्वयन हुन नसकेकाले पुनः प्रदेश विकास समस्या समाधान समितिको बैठकमा पेश गर्ने। | कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |

| क्र.सं. | समस्या | निर्णयको व्यहोरा | प्रमुख जिम्मेवार मन्त्रालय/ निकाय | सहयोगी मन्त्रालय |
|---|---|---|---|---|
| ५ | कृषि ज्ञान केन्द्र, मनाङ, मुस्ताङ, बागलुङ, लमजुङ र कृषि विकास निर्देशनालयमा २० वर्षभन्दा बढी पुराना चारपाङ्ग्रे सवारी साधन हुँदा सवारी चढ्न समेत जोखिम हुनुका साथै मर्मतमा बजेट धेरै खर्चिनु परेको अवस्था छ भने भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र मुस्ताङ र मनाङमा चारपाङ्ग्रे सवारी साधन नहुँदा कार्यक्रम कार्यान्वयनमा निकै असहज भएको अवस्था। | यस मन्त्रालय र मातहत कार्यालयमा कार्यालयको जिम्मेवारी र कार्यबोझ अनुसार अति आवश्यक देखिएका कार्यालयमा सवारी साधन खरिदका लागि आवश्यक बजेट व्यवस्थाका लागि श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा अनुरोध गर्ने। | कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, आर्थिक मामिला मन्त्रालय, गण्डकी प्रदेश |
| ६ | फलफूलको बीउ तथा बिरुवाको आयात नियमन तथा व्यवस्थापन सम्बन्धमा | बिदेश तथा अन्य प्रदेशबाट समेत विभिन्न फलफूलका बए तथा बिरुवा यस प्रदेशमा आयात हुँदै आएको सन्दर्भमा आयातित बीउ तथा बिरुवा कम गुणस्तर हुनुका साथै रोग कीरा ग्रसित भएको तथ्य प्रमाणित हुँदै गएको छ। आगामी दिनमा यसको उचित व्यवस्थापन हुन नसकेमा पुराना बगैंचामा समेत जोखिम बढ्ने देखिन्छ। उक्त समस्या समाधानको लागि तहगत तथा निकायगत समन्वय र सहकार्य गर्न आवश्यक पहन गर्ने तथा नियमन कार्यलाई प्रभावकारी बनाउने। | कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| ७ | कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम प्रदेशमा समायोजन भई हाँजिर हुन नआएको सन्दर्भमा सम्मानित सर्वोच्च अदालतबाट समायोजन भएकै निकायमा हाजिर हुन जाने फैसला भएको साथै निर्णय आदेशको पूर्णपाठ आएको ३ महिना बढी व्यतीत हुंदा समेत कर्मचारी हाजिर हुन नआएको अवस्था। साथै सुरु समायोजन संघमा भई पछि सम्बन्धित कर्मचारीको ईच्छा बिपरीत प्रदेश सरकारमा समायोजन भएको र सम्मानित सर्वोच्च आदालतबाट हाललाई उक्त समायोजन सम्बन्धी निर्णय कार्यान्वयन नगर्न आदेश भई बिगत ५ वर्षदिखि संघीय निकायमा कार्यरत रेहका नेपाल कृषि सेवा अन्तर्गतका रा.प. प्रथम (सह-सचिव) | सम्बन्धित कर्मचारीहरुको विवरण सहित आवश्यक प्रकृयाका लागि श्री मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमा अनुरोध गरी पठाउने।<br>एघारौं तहको कृषि सेवा तर्फ पदमा पदपूर्तिका लागि प्रदेश निजामती सेवाको दशौं तहमा कार्यरत योग्य उम्मेदवार एघारौं तहमा बढुवा हुने प्रयोजनका लागि यथासक्य माग आकृति फाराम भरी पठाउने सम्बन्धमा आवश्यक पहका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय गण्डकी प्रदेशमा अनुरोध गर्ने। | मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय | कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय |

| क्र.सं. | समस्या | निर्णयको व्यहोरा | प्रमुख जिम्मेवार मन्त्रालय/ निकाय | सहयोगी मन्त्रालय |
|---|---|---|---|---|
| | स्तर कर्मचारीलाई प्रदेश समायोजन मानी निजहरु प्रदेश कृषि सेवा अन्तर्गत अधिकृतस्तर एघारौंको दरबन्दी पदपूर्ति भएको मानी बढुवा प्रयोजनको लागि उक्त पदमा माग आकृति फाराम भरी नपठाईएकोले उक्त पदमा बढुवाको लागि योग्य उमेदवार हुँदाहुँदै बृत्ति विकासमा गम्भिर असर परेको कर्मचारीहरुको पद रिक्त मानिएकोले एकातर्फ कर्मचारी अभाव हुन र अर्को तर्फ समायोजन भएका कर्मचारीको वृत्ति विकास नहुँदा मनोवलमा नकरात्मक असर परेको। | | | |
| ८ | नियमन इकाई आँबुखैरेनी र मालुङ्गा स्याङ्जामा जिल्लाबाहिर जाने र जिल्ला भित्र आउ कृषि, पशुपन्छी तथा मत्स्य क्षेत्रको तथ्याङ्क संकलनको कार्य शुरुवात भएता पनि होल्डिङ्ग यार्ड नभएकाले प्रदेश भित्र्याइने बोट बिरुवा तथा जिउँदो पशुको प्रभावकारी नियमन गरी रोग कीरा तथा पशुका महामारीजन्य रोगको प्रकोप नियन्त्रण गर्न कठिनाई भएको। | कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय मातहत स्थापना भएका नियमन इकाईमा होल्डिङ्ग यार्ड निर्माण गर्न आवश्यक जग्गा व्यवस्थापनका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा अनुरोध गर्ने। | कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, आर्थिक मामिला मन्त्रालय, गण्डकी प्रदेश |
| ९ | कोराला नाकामा पशुवस्तु नियमन व्यवस्थापन सम्बन्धमा | कोराला नाकामा पशुवस्तु नियमन इकाई वा क्वारेन्टिनको व्यवस्थाका लागि प्रदेश विकास समस्या समाधान समितिमा अनुरोध गर्ने। | कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| १० | मन्त्रालयको नयाँ O&M सम्बन्धमा | हाल खाद्य तर्फ प्रदेशमा  जना मात्र अधिकृत रहेको; जिल्लास्थित ज्ञान केन्द्र तथा विज्ञ केन्द्रहरुमा विज्ञ सेवा उपलब्ध गराउनका लागि सबै समूहका प्राविधिकहरुको पद थप गर्न प्रदेश विकास समस्या समाधान समितिमा पेश गर्ने। | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | प्रदेश आर्थिक मामिला मन्त्रालय |

कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, गण्डकी प्र

## ४.२ MDAC बैठक बसेको मितिः २०८१/१२/२६

| क्र.सं. | समस्या | निर्णयको बेहोरा | प्रमुख जिम्मेवार मन्त्रालय/ निकाय | सहयोगी मन्त्रालय |
|---|---|---|---|---|
| १. | सहकारी क्षेत्रको विषय जटिल बन्दै गएको (मुद्दा विचाराधीन रहेका सहकारीको सम्पत्ति दायित्व व्यस्थापन, सहकारी संस्थाले सञ्चालन गर्ने सफ्टवयेरबाट हुने ठगीको नियमन, निष्कृय सहकारी संस्थाको खोजी), कार्य प्रकृति फरक किसिमको रहेकोले कम प्राथमिकतामा परेको। | यस क्षेत्रमा नियमनका लागि सोही क्षेत्रसँग सम्बन्धित दक्ष जनशक्ति र नियमन संयन्त्र आवश्यक पर्ने भएकोले कार्य प्रकृति मिल्ने अन्य मन्त्रालय अन्तर्गत समावेश गर्नका लागि प्रदेश विकास समस्या समाधान समितिको बैठकमा पेस गर्ने। | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | आर्थिक मामिला मन्त्रालय र कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय |
| २. | मत्स्य विकास केन्द्र, मिर्मीको आफ्नो स्वामित्वमा जग्गा नभएकाले स्रोत केन्द्रको भूमिका निर्वाह गर्न असमर्थ भएको। | प्रदेशको मत्स्य विकास स्रोत केन्द्रलाई वास्तविक रुपमै स्रोत केन्द्रको रुपमा विकासका लागि नवलपरासी (व.सु.पू.) जिल्लामा जग्गाको प्रासीका लागि आवश्यक प्रकृया अगाडि बढाउन प्रदेश विकास समस्या समाधान समितिको बैठकमा पेश गर्ने। | कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| ३. | प्राकृतिक प्रकोपबाट क्षति बेहोरोका किसानहरुलाई समयमै व्यवसाय पुनर्स्थापनाका लागि अत्यन्त माग भएको तर समयमा राहत/ पुनर्स्थापना सहयोग उपलब्ध गराउन नसकिएको। | चालु थप बजेटको व्यवस्था गरी पुनर्स्थापना सहयोग उपलब्ध गराउने। | कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, आर्थिक मामिला मन्त्रालय |

# ५. आर्थिक वर्ष २०८/८२ मा हासिल भएका मुख्य उपलब्धिहरु

## ५.१ यस आर्थिक वर्षमा कार्यक्रमगत हासिल गरिएका मुख्य उपलब्धिहरु

| आयोजना/कार्यक्रमको नाम | यस अवधिसम्म हासिल भएकामुख्य मुख्य उपलब्धिहरु |
|---|---|
| मकै बीउ उत्पादन तथा मकै बाली प्रवर्द्धन आयोजना | २५० हेक्टर मध्ये १८० हेक्टर क्षेत्रफलमा मकै बालीको क्षेत्र विस्तार गरी करिब ५५० मेट्रिक टन उत्पादन वृद्धिमा टेवा पुगेको, १४० हेक्टर मध्ये जम्मा ७५ हेक्टरमा मकै बीउ वृद्धिको भएको, यस कार्यक्रमबाट ९ जिल्लाका ११८ कृषक समूहका कृषक लाभान्वित भएका। यस कार्यक्रमबाट ७५० मेट्रिक टन खायन मकै उत्पादन भइ रु २ करोड २५ लाख बराबरको कारोबार। |
| खाद्यान्नबाली प्रवर्द्धन आयोजना | ९ जिल्लामा कार्यक्रम सञ्चालन, २९५ हेक्टरमा १०५ कृषक समूहका ५७६ जना लाभान्वित। धान, मकै, कोदो, उवा आदि उत्पादनमा वृद्धिमा टेवा। |
| बीउ उत्पादन प्रवर्द्धन आयोजना | म्याग्दी, मनाङ र मुस्ताङ बाहेकका ८ जिल्लामा १२७.५ हेक्टरमा धान, १.७५ हेक्टरमा गहुँ, १.६ हेक्टरमा पि बि एस् आलु, ५ हेक्टरमा तरकारी र २०.५ हेक्टरमा काँक्रो बीउ उत्पादन गरिएको। यस कार्यक्रमबाट १३८ कृषक समूह लाभान्वित भएको। |

| आयोजना/कार्यक्रमको नाम | यस अवधिसम्म हासिल भएकामुख्य मुख्य उपलब्धिहरु |
|---|---|
| जलवायुमैत्री प्रविधि प्रवर्द्धन कार्यक्रम | १० जिल्लाको १९ स्थानमा ५० भन्दा बढि घरधुरी ४४८ जना कृषक लाभान्वित भकारो सुधार, प्लास्टिक पोखरी, सिंचाइ ड्रम, थोपा सिंचाइ, मल्चिङ, अस्थायी प्लास्टिक घर, उन्नत बीउ/विजन सहयोग |
| तरकारी बाली प्रवर्द्धन आयोजना | ११ जिल्लामा कार्यक्रम सञ्चालन, ३७७ हेक्टरमा ३६३ कृषक समूहहरु मार्फत व्यवसायिक तरकारी खेती गरि ५६५५ मेट्रिक टन तरकारी उत्पादन। |
| मसला तथा निर्यातयोग्य बाली प्रवर्द्धन आयोजना | ९ जिल्लामा कार्यक्रम सञ्चालन, ६६८ रोपनीमा अदुवा बेसार अकबरे खुर्सानी कफी अलैची जस्ता मसलाबाली उत्पादन भएको र स्याङ्जाबाट १० टनभन्दा बढि कफी संकलन तथा प्रशोधन गरि जापान निर्यात भएको। |
| फलफूल बाली विकास आयोजना | १२८ हेक्टरमा नयाँ फलफूल बगैंचा स्थापना भएको। १४९ हेक्टर पुराना बगैंचाको सुदृढीकरण भएको। कार्यक्रममार्फत १०९७ जना लाभान्वित भएका र करिब ९०० जनालाई प्रत्यक्ष रोजगारी सिर्जना भएको। |
| सुन्तलाजात फलफूल विकास आयोजना | कार्यान्वयन गरिएको कार्यक्रमबाट २४९ हेक्टर क्षेत्रफलमा बगैचा सुदृढीकरण र १६ हेक्टरमा वगैंचा स्थापना र विस्तार भएको। ४८१ कृषि फर्म/कृषक समूहबाट कुल २४५७ जना प्रत्यक्ष लाभान्वित भएका । ३ हेक्टरमा ग्रिनिङ रोगग्रस्त बोट हटाइ पुनः रोपण समेत गरिएको। |
| चैतेधान प्रवर्द्धन आयोजना | गोरखा, तनहुँ र नवलपुर जिल्लामा चैते-५, चैते-४, हर्दिनाथ-१, हर्दिनाथ हाईब्रिड, ताईचुङ्ग, स्थानीय जातका चैते धानको ९५० हे. क्षेत्रफलमा खेती गरिएको। उक्त धानको उत्पादकत्व ५.३३ मे.टन./हे. र ४७५० मे.टन चैतेधान उत्पादन भइ रु १० करोड बराबरको कारोबार भएको। यस कार्यक्रमबाट ८३ कृषक समूहका ४८६९ जना लाभान्वित भएका। गोरखा जिल्लामा कृषकको माग नआएकोले १०० हेक्टर लक्ष्य प्राप्ती नभएको |
| समुदायस्तरमा प्रशोधनयोग्य तथा खायन आलु प्रवर्द्धन आयोजना | ७८ हेक्टरमा आलु बीउ उत्पादन भएको, प्रशोधन/खायन आलु उत्पादन कुल ७४७ हेक्टरमा कार्यान्वएन भएको ।<br>८२५ हे क्षेत्रफलमा १६,५४० मे.ट आलु उत्पादन भई ४१ करोड ७५ लाख बराबरको कारोबार भएको। औषत १६ मेट प्रति हेक्टर उत्पादकत्व रहेकोमा प्रशोधनयोग्य आलुको सरदर उत्पादकत्व २० देखि ३८ मेट्रिक टन रहेको पाइयो। उक्त कार्यक्रमबाट ३२८ कृषक समूहका ८६२४ कृषक लाभान्वित भएका । |
| प्राङ्गारिक कृषि उत्पादन प्रवर्द्धन कार्यक्रम | कार्यक्रम कार्यान्वयन नभएको |
| कोल्डरुम निर्माण कार्यक्रम | १० मे.टन. क्षमताका कृषि तर्फ कास्कीमा १ वटा र पशुपन्छी तथा मत्स्य तर्फ पोखरा महानगरपालिकाको वडा नं ३२ मा १ वटा कोल्डरूम स्थापना गरी सञ्चालनमा ल्याईएको। |
| स्थानीय तहमा पशुमा पूर्ण खोप कार्यक्रम | "पशुमा पूर्ण खोप कार्यक्रम" मार्फत अभियानको रुपमा पशुमा लाग्ने ६ वटा संक्रामक रोगहरु (खोरेत, भ्यागुते/चरचरे, पि.पि.आर., स्वाईन फिभर, लम्पी तथा रेबिज) विरुद्ध वृहत खोप कार्यक्रम प्रदेशका ८५ वटै स्थानीय तहहरुमा सञ्चालन गरिएको। बंगुरमा लाग्ने क्लासिकल स्वाइन फिवर विरुद्ध (४२१८७) डोज, पि.पि.आर. (भेडा ८३८८१, बाखा १०८६५५८, च्याङ्ग्रा ४८३९६) कूल १२१८८३५ डोज, रेबिज (कुकुर ५८५११, बिरालो २६८२, घोडा ३२६) कूल ६१५१९ डोज, खोरेत (गाई २२५२४४, भैंसी ३५५०२२, याक/चौरी ७६४३, बाखा २०३९, भेडा ३२६१, च्याङ्ग्रा ५३१६, वंगुर ३९०१७) कूल ६१७५४२ डोज, लम्पी स्किन डिजिज (गाई/भैंसी १२७१९६, याक २४९१) कूल १२९६८७ डोज, भ्यागुते/चरचरे (गाई १०७३८९, भैंसी ४९६४३, याक/नाक २८३९) कूल १५९८७१ डोज गरी हालसम्म कूल जम्मा २२ लाख २९ हजार ६ सय ४१ डोज खोप लगाईएको। पूर्ण खोप बाहेक अन्य कार्यक्रम समेत गरी जम्मा २२ लाख ३१ हजार ६ सय ७५ डोज खोप लगाईएको। |
| उत्पादनमा आधारित प्रोत्साहन (दूधमा) | प्रदेश भित्रका ७४ वटा दुग्ध सहकारीलाई १ करोड ६२ लाख ७९ हजार ५४ लिटर दूधको उत्पादनमा प्रोत्साहन सहयोग उपलब्ध गराईएको। |

| आयोजना/कार्यक्रमको नाम | यस अवधिसम्म हासिल भएकामुख्य मुख्य उपलब्धिहरु |
|---|---|
| कृत्रिम गर्भाधानबाट जन्मेका उन्नत नश्लका पाडीबाच्छी हुर्काउन प्रोत्साहन कार्यक्रम | कृत्रिम गर्भाधानबाट जन्मेका १७५० पाडीबाच्छी हुर्काउन १०४५ कृषकहरुलाई प्रति पाडीबाच्छी रु १० हजारका दरले प्रोत्साहन रकम भुक्तानी उपलब्ध गराईएको। |
| पशु कल्याण सहयोग कार्यक्रम | स्याङ्गजा, पर्वत, तनहुँ र स्याङ्जा जिल्लामा कुल ४६५ गाईको कल्याणका लागि गोठ, पराल भण्डारण घर निर्माणमा सहयोग उपलब्ध गराईएको यसबाट १३ जनालाई रोजगारी सिर्जना। |
| कृषि तथा पशुपन्छी ब्लक विकास परियोजना | गाई/भैंसीको ब्लक सञ्चालन भएको स्थानमा दुग्ध संकलनका लागि संकलन केन्द्र निर्माण भएको। |
| बृहत्तर पशु विकास प्रवर्द्धन कार्यक्रम (गाईभैसी/भेंडाबाखा/वंगुर/माछा/कुखुरा) | ८ वटा जिल्लाका १९ वटा समूह र १ सहकारी लाभान्वित। |
| लोकमार्ग कोरिडोर मासु उत्पादन कार्यक्रम | यस कार्यक्रमबाट १८१ खोर निमार्ण, २८७ मर्मत, ७ वटा घाँस श्रोत केन्द्र र ६६ वटा प्रजनन् बोका वितरण |
| घाँस खेती प्रोत्साहन सहयोग | घाँस खेती प्रोत्साहन सहयोग कार्यक्रमअन्तर्गत ४४ जना कृषक तथा कृषक समूह लाभान्वित भई करिब २२० रोपनी क्षेत्रमा घाँस खेती विस्तार गरिएको। कार्यक्रममार्फत बीउ, सामग्री तथा प्राविधिक सहयोग उपलब्ध गराई घाँस उत्पादन वृद्धि गरी पशुपालकहरूलाई हरियो चारामा आत्मनिर्भर बनाउन सहयोग गरिएको । |
| कृषि ऋणमा ब्याज अनुदान कार्यक्रमको निरन्तरता | यस अन्तर्गत गतका आ.व. हरुमा ऋण प्राप्त गरेका ३९ जना कृषक/समूहलाई रु. १७,९०,२८५ बराबरको अनुदान रकम प्रदान गरी सहुलियतपूर्ण ऋणमार्फत कृषि लगानीमा प्रोत्साहन र उत्पादनशीलता वृद्धि गरिएको। |
| मासु उत्पादनका आधारमा प्रोत्साहन सहयोग (खसी/बोका) | नवलपुर र लम्जुङ्ग जिल्लाका ३ वटा सहकारीमा ७० मे.टन मासु उत्पादनका लागि प्रोत्साहन सहयोग उपलब्ध गराईएको। |
| मत्स्य पोखरी निर्माण तथा क्षेत्र विस्तार | कार्यक्रममार्फत १५ जना कृषक/समूह लाभान्वित भई करिब ३४ रोपनी क्षेत्रफलमा १४ वटा नयाँ पोखरी निर्माण गरी मत्स्य उत्पादन वृद्धि र कृषि आयमा योगदान पुऱ्याइएको। |
| घुम्ती गोठ संरक्षणका लागि अस्थायी टहरा निर्माण सहयोग (याक/चौंरी/भेंडा/च्याङ्ग्रा) | ४ (मुस्ताङ, म्याग्दी, गोरखा र लमजुङ) जिल्लाका १० समूहलाई १२ वटा घुम्ती गोठ निर्माणमा सहयोग दिइएको , जसबाट १२ घरधुरी कृषक प्रत्यक्ष लाभान्वित भएका। |
| स्थानीय पशुपन्छी संरक्षण कार्यक्रम संचालन (भेंडाबाखा/याक/च्याङ्ग्रा/गाईभैंसी/सुँगुर/कुखुरा/मत्स्य) | कार्यक्रम अन्तर्गत कुल २१ वटा खोर, ६ वटा गोठ निर्माण र २६ वटा मर्मत कार्य सम्पन्न गरिनुका साथै ३ वटा व्याड बोका, २ थान तराजु, १ थान बर्डिजो वितरण गरिएको। परजीवी नियन्त्रणका लागि औषधी साथै आवश्यक दाना तथा डाले घाँस खरिद गरिएको। ५०० वटा स्थानीय कुखुरा वितरणसँगै ८ वटा खोर निर्माण तथा तालिम सम्पन्न भएको। साथै, मलखाद र खानेपानी व्यवस्थापन तथा चरणमा जाने काठे पुल निर्माण गरिएको। |
| रेविज रोग नियन्त्रण विशेष कार्यक्रम | १९४१ भाले र १७८० पोथी गरी जम्मा ३७६१ जनावरमा बन्ध्याकरण गरिएको। |
| गत आ.ब.मा संचालित पशुपन्छी स्रोत विकास कार्यक्रम (बाखा/बंगुर) फलोअप | गत आ.व.मा संचालित ९ वटा पशुपन्छी स्रोतलाई सहयोग गर्दै २१ वटा गोठ/खोर मर्मत र सुधार गरिएको, ३३ वटा व्याडे बोका खरिद, १६ वटा तौलने मेसिन, ९५० वटा बाखाको विमा कार्य सम्पन्न। साथै, तालिम र बिमा सम्बन्धी अभिमूखीकरण तालिम, खोर वरपर तारजाली, र Tagging Machine खरिद गरिएको। |

| आयोजना/कार्यक्रमको नाम | यस अवधिसम्म हासिल भएकामुख्य मुख्य उपलब्धिहरु |
|---|---|
| याक आनुवाँशिक स्रोत विकासको लागि गत वर्ष वितरण गरिएका याकहरुको फलोअप कार्यक्रम | याक प्रजनन र उत्पादन वृद्धि गर्दै पशुपालन क्षेत्रलाई बलियो बनाउन फलोअप कार्यक्रम अन्तर्गत, याकहरूको स्वास्थ्य परिक्षण गरेको र सोमध्ये ५ वटा याक प्रजनन योग्य भई सेवा प्रदान गरिरहेको। |
| पशुपन्छी तथा मत्स्य विकास सम्बन्धी कार्यात्मक अनुसान्धान सहयोग कार्यक्रम | पशुपन्छी र मत्स्य क्षेत्रको विकासमा नवीनतम अनुसन्धान र प्रविधिको उपयोग गरि पशुपालन क्षेत्रमा टेवा पुर्याउने उद्देश्य सहित १२ जना अनुसन्धानकर्तालाई विभिन्न अनुसन्धान परियोजनाहरू सञ्चालन गर्न सहयोग प्रदान गरिएको। |
| मत्स्य विकास आयोजना | आयोजना अन्तर्गत कुल ४४ रोपनी क्षेत्रफलमा नयाँ पोखरी निर्माण, १६ वटा एरियटर, ७ वटा मोटर पम्पसेट, ७ वटा Submersible pump, ३ वटा पेलेट दाना मेसिन (५.५ HP), १ थान कुटानी पिसानी मेसिन (२.२ KW), र ६.५ KW पेट्रोल इन्जिनयुक्त इलेक्ट्रिक स्टार्ट जनरेटर खरिद गरिएको। |
| ताल विशेष मत्स्य विकास कार्यक्रम | व्यापारिक गतिविधिहरूलाई व्यवस्थित र सुविधाजनक बनाउन कार्यक्रम अन्तर्गत १ सहकारीलाई सहयोग गर्दै ३ वटा सटर, ३ वटा ढोका र २ वटा शौचालय निर्माण गरिएको। |
| पशुमा पुर्ण खोप कार्यक्रमका लागि भ्याक्सिन खरिद तथा व्यवस्थापन | खोरेत ४९५९३० डोज, रेविज ९०९०० डोज, पिपिआर- ३३८४००, लम्पी स्किन रोगको १३३२५, क्लासिकल स्वाईन फिवर- ५००० गरी कुल ११ लाख ४० हजार १ सय ५५ डोज खोप खरिद गरि वितरण गरिएको। सम्बन्धित जिल्लास्थित कार्यालयबाट पशुहरुमा खोप लगाईएको। |
| वधस्थल निर्माण तथा सुधार | पुतली बजार नगरपालिकासँगको सम्झौताअनुसार पु.न.प-१ मा बधस्थल निर्माण र १० टन क्षमताको कोल्डरुम निर्माण कार्य सम्पन्न गरिएको। |
| व्यवसाय पुनर्स्थापना सहयोग कार्यक्रम | कार्यक्रम अन्तर्गत स्थानीय स्तरमा उत्पादनशीलता र आम्दानीमा सुधार ल्याउन प्राकृतिक प्रकोप, रोग/महामारी, वा अन्य कारणले प्रभावित ७६ जना कृषकहरूलाई व्यवसाय पुनरुत्थानका लागि जम्मा रू. ३३.५६ लाख बराबरको अनुदान सहयोग प्रदान गरिएको। |
| कृत्रिम गर्भाधान सेवा | गाई (६१२८२), भैंसी (३७२६९), बाखा (२८४) र बंगुर (५७) गरि कूल ९८८९२ पशुमा कृ.ग सेवा प्रदान गरिएको। |
| नियमित उपचार सेवा सञ्चालन | मेडिकल (११८२७२), गाइनेकोलोजिकल (३११३), माइनर/मेजर (२५५७/२२०१) सर्जरी, पोल्ट्री डिजिज (७०३), फिस डिजिज (५५) गरि कूल १२६९०१ वटा उपचार सेवा प्रदान गरिएको |
| प्रयोगशाला सेवा | गोबर-२२३३५, थुनेलो-१८८४, रगत-२३५, पिसाब-८५, पानी गुणस्तर-२८६ परिक्षण गरिएको; RDT १२१८, छाला ३७, पोष्टमार्टम ६७५ गरि जम्मा २६७५५ प्रयोगशाला सेवा प्रदान गरिएको । |
| सहकारी तथा गरिवी निवारण सम्बन्धी व्यवस्थापन सूचना प्रणाली) COPOMIS) संचालन तालिम | नवलपरासीको देवचुली र विनयी त्रिवेणी कास्कीको पोखरा पर्वतको कुश्मा गरी ४ ठाउँमा जम्मा १०४ जना सहभागीलाई प्रशिक्षण गरिएको। |
| सहकारी व्यवस्थापन तालिम | तनहुँको भिमाद र बन्दीपुर स्याङ्जाको भीरकोट कास्कीको माछापुच्छ्रे र अन्नपूर्ण गरी ६ ठाउँमा जम्मा २२५ जना सहभागीहरुलाई प्रशिक्षण दिइएको। |
| सहकारी लेखा व्यवस्थापन तालिम | पर्वतको कुश्मा, कास्कीको रुपा गाउँपालिका, लमजुङको बेंसीशहर, बागलुङको काठेखोला र म्याग्दीको बेनी गरी ५ ठाउँमा जम्मा १६९ जना सहभागीलाई प्रशिक्षण गरिएको। |
| सहकारीता, सहकारी ऐन नियम अभिमुखिकरण गोष्ठी | मनाङ र मुस्ताङ बाहेकका गण्डकी प्रदेशका बाँकी ९ जिल्लाका २१ ठाउँमा कार्यक्रम सम्पन्न भएको। १९२० जना सहभागीहरुसँग अन्तर्क्रिया गरिएको। |

| आयोजना/कार्यक्रमको नाम | यस अवधिसम्म हासिल भएकामुख्य मुख्य उपलब्धिहरु |
|---|---|
| सहकारी संस्थाहरुको नियमन कार्यक्रम | १०४ सहकारीको अनुगमन नियमन गरिएको; ४५ वटा संस्थासँग स्पष्टीकरण तथा जवाफ माग गरिएको; जरिवाना गरिएकामध्ये २४ वटा संस्थाबाट जरिवाना दाखिला भएको, सहकारीको जरिवाना प्रदेश सरकारको खातामा रु.३३,५२,०००/- राजश्व दाखिला भएको। ५१ वटा सहकारी संघ/संस्थाका विनियम संशोधन तथा पुनर्लेखन स्वीकृत गरिएको। |
| निस्कृय सहकारी पहिचान तथा तथ्याङक संकलन | कास्की, तनहुँ, लमजुङ र गोरखाका १२३ खारेजीको सूचना प्रकाशन, बागलुङ, म्याग्दी, पर्वत, मुस्ताङ, नवलपरासी ब.सु.पू. र स्याङ्जा जिल्लाका २२८ निष्क्रिय सहकारी खारेजीको सूचना प्रकाशन गरि जम्मा ३५१ निष्क्रिय सहकारी खारेजीको सूचना प्रकाशित। आ.व. २०८१/८२ को अन्त्यमा निष्क्रिय सहकारी ३३२ रहेको। १३ वटा सहकारी संस्था खारेज गरिएको। |
| नापी कार्यालय/ मालपोत कार्यालय/ स्थानीय तहहरुसँगको समन्वयमा कित्तानापी नक्सामा सार्वजनिक बाटो क्रमश: अद्यावधिक गर्ने कार्यक्रम | १७ वटा स्थानीय तहको मन्त्रालयको सहकार्यमा ४८३ किलोमिटर कित्ता नापी नक्शा भएको |
| प्रादेशिक भूमि विधेयक तर्जुमा | मस्यौदा तयार भएको |
| जग्गा चक्लाबन्दी भएका स्थानहरुमा नापी नक्सा कार्यक्रम | २४०० रोपनीको नापी नक्सा गरेको |

## ५.२ यस अवधिमा कार्यालयगत रुपमा हासिल सञ्चालन गरिएका मुख्य मुख्य कार्यहरु

| क.सं. | आयोजना/कार्यक्रमको नाम | यस अवधिसम्म हासिल भएको मुख्य मुख्य कार्यहरु |
|---|---|---|
| १ | कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय | मन्त्रालयको भवन निर्माणका लागि डि.पि.आर तयार भएको। कार्यक्रम कार्यान्वयनका लागि आवश्यक पर्ने ९ वटा नयाँ मापदण्ड/नर्म्स स्वीकृत भएको र ७ वटा मापदण्ड संशोधन गरिएको र २ वटा कार्यविधि संशोधन गरिएको। प्रदेश विषादी व्यवस्थापन ऐन पारित गरी कार्यान्वयनमा ल्याईएको र प्रदेश खाद्य सुरक्षा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रदेश सभामा छलफलको क्रममा रहेको। कृषि व्यवसाय प्रवर्द्ध पेस गरिएको। म्याग्दीको धवलागिरी गा.पा.मा खाद्य सुरक्षा तथा कृषि विकास कार्यक्रमको पृष्ठपोषण सम्बन्धी स्थानीय तह तथा सरोकारवालासँग अन्तरक्रिया कार्यमक्रम सञ्चालन गरिएको। त्यस्तै ४४ औं विश्व खाद्य दिवस मनाईएको। प्रादेशिक भूमि विधेयकको मस्यौदा तयार भई छलफलको चरणमा रहेको। लम्जुङ्ग जिल्लाको राईनासमा ५ हे. क्षेत्रफलमा चक्लाबन्दी कार्य अगाडि बढेको र तनहुँ र मुस्ताङ्ग जिल्लामा १९.१५ हे. मा चक्लाबन्दी कार्यक्रम सञ्चालनका लागि डि.पि.आर तयारी। ४७८ कि.मि मा कित्ता नापी नक्सा सार्वजनिक बाटो अद्यावधिक गरिएको। |
| २ | सहकारी तथा रजिष्ट्रारको कार्यालय | पर्वतको कुश्मा, कास्कीको रुपा गाउँपालिका, लमजुङको बेंसीशहर, बागलुङको काठेखोला र म्याग्दीको बेनी गरी ५ ठाउँमा जम्मा १६९ जना सहभागीलाई प्रशिक्षण गरिएको। नवलपरासीको देवचुली र विनयी त्रिवेणी कास्कीको पोखरा पर्वतको कुश्मा गरी ४ ठाउँमा जम्मा १०४ जना सहभागीलाई प्रशिक्षण गरिएको। मनाङ र मुस्ताङ बाहेकका गण्डकी प्रदेशका बाँकी ९ जिल्लाका २१ ठाउँमा सहकारीता, सहकारी ऐन, नियम अभिमुखीकरण गोष्ठी सञ्चालन गरी १९२० जना सहभागीहरुसँग अन्तर्किया गरिएको। तनहुँको भिमाद र बन्दीपुर स्याङ्जाको भीरकोट कास्कीको माछापुच्छ्रे र अन्नपूर्ण गरी ६ ठाउँमा जम्मा २२५ जना सहभागीहरुलाई प्रशिक्षण दिइएको। यस आ.व. मा १०४ सहकारीको अनुगमन नियमन गरिएको ४५ वटा संस्थासँग स्पष्टीकरण तथा जवाफ माग गरिएको, जरिवाना गरिएकामध्ये २४ वटा संस्थाबाट जरिवाना रु.३३,५२,०००/- दाखिला भइसकेको। बागलुङ. म्याग्दी. पर्वत. मुस्ताङ. नवलपरासी बसूपू र स्याङ्जा जिल्लाका २२८ निष्क्रिय सहकारी खारेजीको सूचना प्रकाशन भएको। |

| क्र.सं. | आयोजना/कार्यक्रमको नाम | यस अवधिसम्म हासिल भएको मुख्य मुख्य कार्यहरु |
|---|---|---|
| ३ | कृषि विकास निर्देशनालय | १० टन क्षमताको १ कोल्ड रूम पोखरा -९ कास्कीमा निर्माण, कृषि उपज प्रशोधन केन्द्र स्थापना सहयोग कार्यक्रमबाट १५ जना लाभान्वित, मागमा आधारित कार्यक्रमबाट गण्डकी प्रदेशका विभिन्न स्थानका १३ फर्म उन्नत बीउ उत्पादकका लागि पूर्वाधार तथा प्रशोधन विकास सहयोग कार्यक्रमबाट कास्कीका २ समूह लाभान्वित र स्रोत बीउ उत्पादकका लागि पूर्वाधार तथा प्रशोधन विकास सहयोग कार्यक्रमबाट नवलपुरको १ फर्म लाभान्वित, दीगो कृषि नामक टीभीमा कृषि कार्यक्रम प्रशारण, सार्वजनिक जग्गाको कृषिमा उपयोग सम्बन्धी सरोकारवालाहरुसँग अन्तरक्रिया कार्यक्रम सम्पन्न गरी पोखरा - घोषणा जारी गरिएको। कर्मचारीहरुको प्रशासनिक तालिम सञ्चालन गरी क्षमता अभिवृद्धि गरिएको, e- bidding सम्बन्धि तालिम सम्पन्न, विभिन्न मातहत कार्यालयको प्रशासनिक अनुगमन गरी आवश्यक पृष्ठपोषण गरिएको, विभिन्न मेला महोत्सव मार्फत कृषि व्यावसाय प्रवर्द्धन गरिएको। |
| ४ | कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्र | **कृषि व्यवसाय प्रवर्धनमा कृषकको सहभागिता र सशक्तिकरणः च्याउ उत्पादनः** महिला १४ र पुरुष १२ गरी २६ जना कृषक च्याउ उत्पादन व्यवसायमा सक्षम। मह उत्पादनः महिला १६ र पुरुष ३६ गरी ५२ जना कृषक मह उत्पादन व्यवसाय प्रवर्धनमा सक्षम। फलफूल खेतीः महिला ४ र पुरुष २२ गरी २६ जना कृषक फलफूल खेती व्यवसाय प्रवर्धनमा सक्षम। नयाँ तथा उदियमान फलफूल खेती/नर्सरीः महिला ४ र पुरुष २० गरी २४ जना कृषक नर्सरी तयारी तथा व्यवस्थापनमा सक्षम।<br>**कृषि उद्यमशीलता तालिमः** कुल १९ जना (महिला ५, पुरुष १४) व्यवसायिक कृषकले कृषि उद्यमशीलताको ज्ञान हासिल गरी सफल व्यवसायी बन्ने क्षमता प्राप्त। ४० जना व्यवसायी (मनाङ र मुस्ताङ बाहेक अन्य जिल्लाका) ले विभिन्न तालिमहरूबाट लाभ लिएका।<br>**कृषि पत्रकारिता तालिमः** गण्डकी प्रदेश अन्तर्गत २१ जना पत्रकार कृषि पत्रकारितासम्बन्धी तालिम लिएर दक्ष बनेका।<br>**विषादी व्यवसायी पुनर्ताजगी तालिमः** महिला ५ र पुरुष २३ गरी २८ जना व्यवसायी ले विषादी विक्रेता सम्बन्धी पुनःताजगी तालिम प्राप्त।<br>कर्मचारी क्षमता अभिवृद्धि तालिमः २५ जना सहायकस्तर कर्मचारी ले सेवा अभिमुखीकरण तालिम प्राप्त गरी दक्षतामा वृद्धि। १६ जना प्रदेशस्तरीय प्राविधिक कर्मचारी ले प्राविधिक तथा प्रशासनिक क्षमता अभिवृद्धि तालिम प्राप्त। १९ जना स्थानीय तहका प्राविधिक अधिकृत कर्मचारीहरूले दक्षता अभिवृद्धि तालिम लिएका।<br>**GIS/RS तालिमः** १३ जना कृषि अधिकृत ले २५ कार्यदिनको GIS/RS तालिम लिई कृषि तथ्याङ्क संकलनमा दक्षता प्राप्त गरेका।<br>**भौतिक पूर्वाधार व्यवस्थापनः** केन्द्र परिसरमा रहेका बोट विरुवा, ब्लक, भवन तथा प्रदर्शनी प्लाटहरूमा नेमिङ/ट्यागिङ्ग कार्य सम्पन्न।<br>**तालिम पाठ्यक्रम परिमार्जनः** तालिम पाठ्यक्रम परिमार्जन गोष्ठी आयोजना। ३ वटा बैठकहरू सञ्चालन गरी निम्न तालिमहरूको पाठ्यक्रम तयारी तथा परिमार्जनः सहायकस्तर सेवा अभिमुखीकरण तालिम, प्रशासनिक क्षमता अभिवृद्धि तालिम, कृषि पत्रकारिता तालिम। |
| ५ | बाली संरक्षण प्रयोगशाला | बाली उपचार शिविर तालिम संचालन। QPCR खरिद। बाली उपचार शिविर २० स्थानमा संचालन। पिसिआरका लागि विभिन्न जिल्लाबाट नमूना सङ्कलन तथा १२० नमूनाको परीक्षण। CCTV क्यामेरा खरिद तथा जडान। म्याग्दी जिल्लाको २ स्थानमा सुन्तला बालीमा क्षेत्रगत औषधि नियन्त्रण कार्यक्रम। कार्यालय मर्मत तथा रङ्ग रोगन। पिसिआर परीक्षणका लागि रिएजेन्ट, प्राइमर लगायत आवश्यक सामग्री समयमै खरिद। रोग कीरा सम्बन्धी अभिलेख सफ्टवेयर निर्माण। रोग कीरा सम्बन्धी म्युजियम व्यवस्थापन। बाली संरक्षण सम्बन्धी पुस्तिका छपाई तथा प्रकाशन। पेस्ट म्याप अध्यावधिक। फर्निचर तथा फिक्स्चर्स खरिद। सर्भे र सर्भिलान्स कार्यक्रम सञ्चालन। ट्राइकोडर्मा कल्चर उत्पादन तथा संरक्षण। अभियानमूलक बाली संरक्षण कार्यक्रम ३ स्थानमा संचालन। |
| ६ | माटो तथा मल परीक्षण प्रयोगशाला | ३८४.३११ टन कृषि चुन वितरण गरिएको; कास्की, तनहुँ, गोरखा, लमजुङ, नवलपुर, स्याङ्जा, पर्वत र म्याग्दी गरी गण्डकी प्रदेशका ८ जिल्लाका लगभग ४०० किसानहरूलाई कृषि चुन वितरण गरिएको। विभिन्न जिल्लाहरूमा किटबक्समार्फत १० वटा शिविर संचालन गरी लगभग १२०० वटा नमूना र मोबाइल भ्यानमार्फत १० वटा शिविरमा लगभग ८८२ वटा नमूनाको परीक्षण सम्पन्न। प्रयोगशाला विधिबाट ९०४ वटा माटोको नमूना परीक्षण गरिएको, जसमध्ये १४० वटा नमूनाको शुष्म खाद्यत्व परीक्षण सम्पन्न। विभिन्न प्रकारका प्राङ्गारिक मलहरूको परीक्षण गरिई १०६ वटा मलको नमूना परीक्षण सम्पन्न। कास्की, पर्वत, तनहुँ र नवलपुरमा गरी ४ वटा IPNS कृषक पाठशाला कार्यक्रम संचालन। |
| ७ | प्रदेश बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्र पोखरा | **बीउ अनुगमन, परीक्षण तथा प्रमाणिकरणसम्बन्धी गतिविधिहरूः** १८३.१६ हे. जमिनमा खडा बाली खेत निरीक्षण गरियो। एग्रोभेट अनुगमन गरी २१७ वटा नमूना संकलन गरी परीक्षण गर्दा ४१ वटा नमूनाको उमारशक्ति कम भएको पाइयो। ६४१ वटा नमूनाको परीक्षण गरिएकोमा २८४ वटाको शुद्धता परीक्षण, ३९६ वटाको चिस्यान परीक्षणमा १६० वटा मात्र स्तरमा परेका, र ३८६ नमूनाको उमारशक्ति परीक्षणमा ३२ वटा नमूना मात्र स्तरभन्दा कम भएको पाइएको छ। कुल ५२१.८ मेट्रिक टन बीउ प्रमाणिकरण भएको। |

| क्र.सं. | आयोजना/कार्यक्रमको नाम | यस अवधिसम्म हासिल भएको मुख्य मुख्य कार्यहरु |
|---|---|---|
| ८ | बागवानी विकास स्रोत केन्द्र, पोखरा | एभोकाडो, कागति, मेकाडेमिया नट र ड्रागन फ्रूट खेती सम्बन्धी प्रविधि लिफलेट प्रकाशन गरिएको। कृषि ज्ञान केन्द्र तथा स्थानीय तहमा कार्यरत सहायकस्तरका कर्मचारीहरू (१३ महिला र ३२ पुरुष) दिक्षित गरिएका। कृषि ज्ञान केन्द्रमा कार्यरत अधिकृतस्तरका कर्मचारीहरू (७ महिला र ९ पुरुष) दिक्षित भएका। एभोकाडो र कागतिमा ग्रफ्टिङ प्रविधिबाट कर्मचारीको क्षमता अभिवृद्धि गरिएको। आवश्यक सामग्री खरिद भई फार्मको कार्यसम्पादन प्रभावकारी र सहज भएको। आलु बाली विकास केन्द्र निगालेबाट PBS आलुको दाना ल्याई बीउको रूपमा जगेर्ना गरिएको साथै जाली घरकामा सिंचाई व्यवस्थापनको काम सम्पन्न भएको। मालेपाटनमा एक जातको बोडीको बीउ उत्पादन १४० केजी र सयपत्री फूलको बेर्ना उत्पादन ३०० बेर्ना भएको। कागतिका १६,००० वटा बिजु र ५,००० वटा कलमी, एभोकाडोका ३,००० वटा, मेकाडेमिया नटका २०० वटा, रुख कटहरका ५० वटा र ड्रगन फ्रुटका २,००० वटा बिरुवा वितरण गरिएका। एभोकाडो, ड्रगन फ्रुट र पुष्प खेती सम्बन्धी पुस्तिका प्रकाशन गरिएको। मौरी गोलासहितको घार खरिद र स्थापना गरी चरण व्यवस्थापन गरिएको। कर्मचारीहरूलाई एभोकाडो कलमी प्रविधि सम्बन्धी अध्ययन गराइएको। फार्म परिसरमा आँप, लिची, मेवा, एभोकाडो, नरिवल लगायतका बगैंचा स्थापना गरी क्षेत्रफल विस्तार गरिएको। प्रदेशअन्तर्गत स्थापना र सञ्चालनमा रहेका नर्सरीहरूको अनुगमन, निरीक्षण तथा तथ्यांक अद्यावधिक गरिएको। आवश्यक सामग्री खरिद भई फार्मको कार्यसम्पादनमा सहयोग गरिएको। क्यान्ये च्याउ उत्पादन २५० केजी पुगेको। फार्म परिसरका फलफूल, फूलबुट्यान र रूखमा ट्यागिङ्ग कार्य सम्पन्न गरिएको। |
| ९ | कृषि विकास स्रोत केन्द्र, स्याङ्जा | २.५ तलाको कार्यालय भवन निर्माण गरिएको, एक पुरुष र एक महिला शौचालय निर्माण गरिएको। १०० मिटर बाटो ढलान गरिएको। ३३५ मिटर लामो वाल निर्माण गरी कार्यालयको जग्गा सुरक्षित गरिएको। ७० हजार लिटर क्षमताको सिचाइ ट्याङ्की निर्माण गरिएको। कार्यालयमा थप १० रोपनी जग्गा खेतीयोग्य बनाइएको। जनकदेव आलुको PBS बीउ प्रयोग गरी २४०० केजी बीउ उत्पादन गरिएको। मालेपाटन बोडिको मूल बीउबाट १५० केजी प्रमाणित बीउ उत्पादन गरिएको। चौमासे सिमिको मूलबाट १० केजी प्रमाणित बीउ उत्पादन गरिएको। लुम्ले १ तोरीमा १०० केजी उत्पादन गरिएको। गहुँको बीउ ३८०० केजी, १६६ रोपनीमा उत्पादन गरिएको। धानको बीउ ५४५५ केजी, २१८२ रोपनीमा उत्पादन गरिएको। मकैको बीउ ३७१० केजी, १८५५ रोपनीमा उत्पादन गरिएको। कोदोको बीउ ४० केजी, ६० रोपनीमा उत्पादन गरिएको र वितरण गरिएको। काक्राको १० ग्राम तथा केराउको ४० केजी बीउ उत्पादन गरी वितरण गरिएको। मुसुरो २४० केजी, १२० रोपनीमा उत्पादन गरिएको। तोरी ५३ केजी, १२० रोपनीमा उत्पादन गरिएको। घिउ सिमी ६० केजी, ३० रोपनीमा उत्पादन गरी वितरण गरिएको। ३५२ कृषक अनुदानमा बेर्ना वितरणबाट लाभान्वित भएका छन् तथा कार्यालयमा ५० हजार राजस्व संकलन गरिएको। १८६ स्थानीय कृषक तथा विभिन्न विशिष्ट व्यक्तित्वहरूको उपस्थितिमा फार्ममा धान दिवस मनाइएको र बीउ उत्पादनका लागि धान रोपिएको। प्रजनन बीउ प्रयोग गरी ११०० केजी धानको मूल बीउ उत्पादन गरिएको। गहुँको १००० केजी मूल बीउ उत्पादन गरिएको। मकैको १० रोपनीमा मूल बीउ उत्पादन भइरहेको छ। कोदोको बीउ ५ रोपनीमा उत्पादन भइरहेको छ। बीउ प्याकेजिङका लागि २००० पिस बोरा छपाई तथा खरिद गरिएको। बीउ प्रशोधनका लागि ५३ केजी विषादी प्रयोग गरिएको। बीउ प्याकेजिङका लागि २००० पिस बोरा छपाई वितरण गरिएको। बीउ उपचारका लागि १४८ केजी विषादी वितरण गरिएको। कार्यालय परिसरमा तथा बीउ उत्पादन क्षेत्रमा १८ वटा होर्डिङ बोर्ड जडान गरिएको। धानको जातीय परीक्षण, मकैको जातीय परीक्षण तथा उन्नत खेती प्रदर्शनी, बोडी खेतीमा उन्नत सिचाइ प्रविधि प्रदर्शनी, कोदोका उन्नत तथा रैथाने जातको प्रदर्शनी, गहुँको जातीय प्रदर्शनी र भट्टमासमा उन्नत खेती प्रविधि प्रदर्शनी गरिएको। प्रादेशिक प्रोगशाला र जिल्ला स्थित कृषि कार्यालयसँग संयुक्त सञ्चालन गरिएको। तरकारी तथा खाद्यान्न बीउ उत्पादनमा सहजिकरण गरिएको। नयाँ बगैचा निर्माण गरी व्यवस्थापन गरिएको। मकैको फौजी किराको व्यवस्थापन गरिएको। धान बीउ उत्पादन सम्बन्धी ४ वटा कार्यक्रम, दलहन तथा तेलहन बीउ उत्पादन सम्बन्धी ३ वटा, खाद्यान्न बीउ उत्पादन सम्बन्धी ४ वटा, कोदो बीउ उत्पादन सम्बन्धी ४ वटा र बीउ प्रमाणिकरण सम्बन्धी १ वटा कार्यक्रम सञ्चालन गरिएको। (१७ सिडबिन सेट १३ टन भण्डारण क्षमता, डिजिटल तराजु १५ पिस, स्प्रेयर १४ पिस, PIC Bag ७५९ वटा ३० टन भण्डारण क्षमता, Maize sheller handheld ४८ वटा, मकै छोडाउने मेसिन इलेक्ट्रिक ८ वटा, PUSH row seeder ८ वटा, ज्याव पलान्टर ७ वटा, बोरा सिलाउने मेसिन १ वटा, multi crop thresher १ वटा, बीउको चिस्यान नाप्ने मेसिन डिजिटल ३ वटा)। २१ वटा बीउ उत्पादक कृषक, समूह र सहकारी लाभान्वित भएका छन्। मकै बीउ उत्पादन क्षेत्रमा बीउ उत्पादनमा सहजिकरण गरिएको। |
| १० | व्यवसायिक कीट विकास केन्द्र, बन्दीपुर | रेशम बीउ कोया उत्पादन गरी (१३१ केजी कोकुन उत्पादन) रेशम विकास केन्द्र खोपासीलाई हस्तान्तरण गरिएको। कार्यालय परिसरमा च्याउ बिउ उत्पादन (करिब ३००० पोका स्पन उत्पादन) गरी बिक्री वितरण गरिएको। कार्यालय परिसरमा खायन च्याउ उत्पादन गरी १०० केजी खायन च्याउ उत्पादन गरिएको। स्थलगत मौरीपालन तालिम सञ्चालन गरी गण्डकी प्रदेशका विभिन्न जिल्लाका ११० जना कृषकहरूलाई प्राविधिक ज्ञान र सीप प्रदान गरिएको। स्थलगत च्याउ खेती तालिम सञ्चालन गरी गण्डकी प्रदेशका विभिन्न जिल्लाका १८३ जना कृषकहरूलाई प्राविधिक ज्ञान र सीप प्रदान गरिएको। आधुनिक मौरीपालन तालिम सञ्चालन गरी गण्डकी प्रदेशका विभिन्न जिल्लाका ६९ जना कृषकहरूलाई प्राविधिक ज्ञान र सीप प्रदान गरिएको। १२१ अनुदानग्राहीलाई २४७ वटा गोलासहित मौरीघार, ३६७ वटा खालीघार र अन्य मौरी सामग्री वितरण गरिएको छ। |

| क्र.सं. | आयोजना/कार्यक्रमको नाम | यस अवधिसम्म हासिल भएको मुख्य मुख्य कार्यहरु |
|---|---|---|
| | | १८ अनुदानग्राहीलाई च्याउ बिउ वितरण गरी च्याउ घर निर्माणमा सहयोग गरिएको छ। |
| ११ | कृषि ज्ञान केन्द्र, गोरखा | **खाद्यान्न बाली उत्पादन प्रवर्द्धनः** ५ हेक्टर जग्गामा उन्नत गहुँ खेती गरिएको; बाँकी २२ हेक्टरमा मकै र धान बाली प्रवर्द्धनका लागि ३ वटा संस्थाले खेती गरेका छन्। **खाद्यान्न बालीको प्रशोधन, मूल्य अभिवृद्धि तथा बजार प्रवर्द्धनः** एउटा भण्डार गृह निर्माण गरिएको। **व्यवसायिक तरकारी खेती सहयोग कार्यक्रमः** बेमौसमी तरकारी खेती प्रवर्द्धनका लागि ३९२० वर्ग मिटरमा प्लाष्टिक घर निर्माण गरिएको; लाभान्वित कृषक २८ जना। **फलफूल बगैंचा स्थापना तथा विस्तारः** १४ हेक्टरमा १२ लाभग्राहीबाट फलफूल खेती क्षेत्र विस्तार गरिएको। **रैथाने बाली उत्पादन प्रवर्द्धनः** ६ हेक्टरमा रैथाने बाली खेती गरिएको; लाभान्वित कृषक ८० जना। **चैतेधान प्रवर्द्धन आयोजनाः** २५० हेक्टरमा चैते धान खेती प्रवर्द्धन गरिएको; लाभान्वित कृषक १०४० जना। **समुदायस्तरमा प्रशोधनयोग्य/खायन आलु प्रवर्द्धन आयोजनाः** ५३ हेक्टर खायन आलु तथा ५ हेक्टर विउ आलु खेती प्रवर्द्धन गरिएको; करिब ९०० मेट्रिक टन आलु उत्पादन भएको; लाभान्वित कृषक ७२० जना। **मसला तथा निर्यात योग्य बाली उत्पादन, प्रशोधन तथा बजारीकरण सहयोग। आत्मनिर्भरताको लागि बीउ उत्पादन प्रवर्द्धनः** ३ हेक्टर लक्ष्यमा ३० हेक्टरमा मकैको बीउ उत्पादन गरिएको। **सुन्तला जात फलफूल विकास आयोजनाः** २५ हेक्टर बगैंचा सुदृढीकरण गरिएको; लाभान्वित कृषक २५५ जना। **जलवायुमैत्री कृषि प्रविधि प्रवर्द्धनः** २ लाभान्वित समूहबाट १००० मिटर पाईप २५ मिमि १२.५ PN खरिद, २ वटा प्लाष्टिक पोखरी, ४ वटा बाँसको प्लाष्टिक टनेल (५×११ वर्ग मिटर), १२०० कलमी कागती बोट खरिद। **ग्रामीण पोषण सुरक्षा कार्यक्रमः** ४ लाभान्वित समूह मध्ये २ समूहले प्रजनन् योग्य माउ बाखा सहित पाठा-पाठी खरिद गरेका, बाँकी २ समूहले कुखुराको खोर निर्माण र चल्ला खरिद गरेका; १२७ माउ बाखा सहित पाठा-पाठी, ४७ कुखुरा खोर, ८७९ गिरिराज कुखुरा चल्ला वितरण। **मकै बाली प्रवर्द्धन तथा क्षेत्र विस्तारः** ४५ हेक्टरमा मकै खेती प्रवर्द्धन; लाभान्वित कृषक ३४५ जना। **कृषि तथ्यांक तथा बजार विकास आयोजनाः** व्यवसायिक कृषकहरूको विवरण पाँच स्थानीय तहबाट संकलन गरी अनुदान कार्यक्रमको प्रभावकारिता अध्ययन प्रतिवेदनको डिजिटल प्रतिलिपि प्रकाशन गरिएको। |
| १२ | कृषि ज्ञान केन्द्र, लमजुङ | जिल्लाका उत्कृष्ट ४ कृषकलाई पुरस्कृत गरिएको र कृषकको मनोबल वृद्धिसँगै अन्य कृषकहरूलाई खेती गर्न प्रोत्साहन गरिएको छ। ३० हेक्टरभन्दा बढी क्षेत्रफलमा धान र मकै खेती विस्तार गरिएको र कृषकहरूको क्षमता अभिवृद्धि भएको छ। २० स्थायी टनेल निर्माण गरी बेमौसमी तरकारी उत्पादन गरि रोजगारी सिर्जना भएको छ। यान्त्रिकरण (मिनि टिलर, स्प्रेयर, पाइप वितरण) ले उत्पादन समय र लागत कम गरेको छ। ७.५ हेक्टर क्षेत्रफलको फलफूल बगैंचा सुधार गरी उत्पादनमा वृद्धि हुने भएको छ भने ७ हेक्टरमा नयाँ बगैंचा स्थापना गरिएको छ। १८ हेक्टर क्षेत्रफलमा कागुनो, कोदो, फापरजस्ता रैथानेबालीको क्षेत्र विस्तार र बाली संरक्षण गरिएको छ। ८०० रोपनी क्षेत्रमा राम, सुख्खा-२,३, सावित्री जातको बीउ उत्पादनमा सहयोग गरिएको छ। ४ वटा समूह सहकारी (दूधपोखरी, राइनास, दोर्दी गाउँपालिका) मा कार्यक्रम सञ्चालन गरी गोलासहित मौरीघार, खाली मौरीघार र तरकारी बीउ वितरण गरी ग्रामीण भेगका पोषणबाट बञ्चित समुदायलाई राहत प्रदान गरिएको छ। मर्स्याङ्दी गाउँपालिका-१ मा सेनेको महिला कृषक समूहद्वारा कार्यक्रम सञ्चालन गरी कृषकहरूलाई बदलिंदो जलवायु प्रभाव र अनुकूल खेती प्रविधिबारे जानकारी गराइएको छ। २०० रोपनी क्षेत्रमा अकबरे खुर्सानी खेती र २० रोपनीमा अदुवा लसुन खेती गरी रोजगारी सिर्जना गरिएको छ। ३ हेक्टरमा नयाँ सुन्तलाजात फलफूल बगैंचा स्थापना गरिएको छ भने १५ हेक्टरमा पुराना सुन्तलाजात फलफूलका बगैंचा सुधार गरिएको छ। प्रशोधनयोग्य आलु ९४५ रोपनी, खायन आलु १८० रोपनी र वर्षे आलु २६५ रोपनी गरी जम्मा १३९० रोपनी क्षेत्रफलमा आलु प्रवर्द्धन कार्यक्रम संचालन गरी १५ समूह सहकारीहरूसँग सम्झौता गरी ६०२ घरपरिवार लाभान्वित भएका छन् र ९२३ मेट्रिक टन हिउँदे आलु उत्पादन भएको छ जसमा १९० मेट्रिक टन प्रशोधनयोग्य आलु बिक्री गरिएको छ। १५ समूह/सहकारीमार्फत १८७० रोपनीमा उन्नत तथा वर्णशङ्कर मकै खेती क्षेत्रफल विस्तार, सिंचाई पूर्वाधार निर्माण र विभिन्न यान्त्रिकरणहरू सहयोग गरिएको छ। |
| १३ | कृषि ज्ञान केन्द्र, मनाङ | कार्यालयका लागि सेफ्टी ट्याङ्की निर्माणले शौचालय व्यवस्थापनमा सहयोग पुगेको छ। सपोर्टवाल निर्माणले कार्यालयको सार्वजनिक सम्पत्ति सुरक्षामा सहयोग पुर्‍याएको छ। हुँदै गरेको अधूरो ल्याब सम्पन्न हुँदा कार्य सञ्चालनमा सहजता हुनेछ। मोटर साइकल खरिदबाट कार्यालयको काममा सहयोग पुग्नेछ। फर्निचर तथा फिक्चर्स खरिदले (१ टेबल, १ कुर्ची र कार्पेट) अभाव रहेको फर्निचरमा केही सहजता दिएको छ। रैथाने बाली प्रवर्द्धन कार्यक्रमले स्थानीय रैथाने बाली संरक्षणमा सहयोग पुर्‍याउँदै उत्पादन र उत्पादकत्वमा वृद्धि हुने तथा कृषि यान्त्रिकरणमा सहयोग पुग्नेछ। व्यवसायिक तरकारी खेती सहयोग कार्यक्रम अन्तर्गत ६ स्थायी प्लाष्टिक घर निर्माण भई आयात प्रतिस्थापनमा सहयोग पुर्‍याउने साथै स्वास्थ्य सुरक्षामा पनि योगदान पुगेको छ। आलु तथा तरकारी बालीको मूल्य अभिवृद्धि तथा बजार प्रवर्द्धन कार्यक्रम अन्तर्गत ३ फर्मबाट आलु तरकारी प्याकिङका लागि बोरा खरिद, छपाई, जोख्ने मेसिन र सिलिङ मेसिन खरिद गरी मनाङ जिल्लाको नामबाट निर्यातमा सहयोग पुगेको छ। फलफूल बगैंचा विकास कार्यक्रममा करिब १.५ हेक्टर क्षेत्रफलमा स्थानीय जातको स्याउ बगैंचा विस्तार गरिएको छ। पुरानो स्याउ बगैंचा व्यवस्थापन तथा सुदृढीकरणले उत्पादन र उत्पादकत्वमा वृद्धि भएको छ। जलवायुमैत्री प्रविधि प्रदर्शन |

| क्र.सं. | आयोजना/कार्यक्रमको नाम | यस अवधिसम्म हासिल भएको मुख्य मुख्य कार्यहरु |
|---|---|---|
| | | कार्यक्रमले जलवायु परिवर्तनबाट कृषि क्षेत्रमा पर्ने असर न्यूनिकरणमा सहयोग पुर्‍याउँदै कृषकलाई जागरुक बनाएको छ। ग्रामीण पोषण सुरक्षा कार्यक्रमले सिमान्तकृत तथा लक्षित समुदायमा खाद्य पोषण सुरक्षामा सहयोग पुर्‍याएको छ। समुदायस्तरमा प्रशोधनयोग्य र खायन आलु उत्पादन प्रवर्द्धन कार्यक्रममा ९ समूहबाट करिब ११ हेक्टर क्षेत्रफलमा आलु खेती विस्तार भई आलु निर्यातमा थप सहयोग पुगेको छ; साथै कृषि यान्त्रिकीकरण, सिचाई पूर्वाधार, मल तथा बीउमा सहयोग र क्षमता अभिवृद्धि गरिएको छ। बाली विमाको विमा शुल्कमा अनुदान अन्तर्गत ३ फर्मबाट स्याउ बगैंचा विमा गरिएको छ जसले करिब १० हेक्टर स्याउ बगैंचा संभावित जोखिमबाट रक्षाबरण भएको छ। कृषि प्रसार तथा तालिम आयोजनामा जिल्लाका ४ जना उत्कृष्ट कृषकलाई पुरस्कृत गरिएको छ। कृषि तथ्यांक तथा बजार विकास कार्यक्रममा कृषि तथ्याङ्क अद्यावधिकमा सहयोग पुगेको छ र जिल्लास्तर प्रगति समीक्षा तथा योजना तर्जुमा गोष्ठीबाट कृषकको माग पहिचान गरिएको छ। |
| १४ | कृषि ज्ञान केन्द्र, तनहुँ | कृषि प्रसार तथा तालिम आयोजना अन्तर्गत १० वटा उन्नत कृषि प्रविधि प्रदर्शन कार्यक्रम सञ्चालन भई कृषकलाई उत्पादन वृद्धि गर्न प्रविधिको प्रयोगमा विश्वास दिलाइएको। प्रयोगशाला सेवा अन्तर्गत माटो परीक्षण गरिएको। ८ वटा बाली उपचार शिविरमार्फत २२८ कृषक लाभान्वित भई रोग कीराको पहिचान र उपयुक्त व्यवस्थापनमा कृषक क्षमतामा वृद्धि भएको र जथाभावी विषादी प्रयोगमा कमी आएको। अनुदान कार्यक्रम प्रभावकारिता अध्ययन, प्राविधिक अनुगमन र प्रतिवेदन प्रकाशन सम्पन्न। Technical Group Monitoring मार्फत फिल्डका समस्याहरू विज्ञ टोलीले सम्बोधन गरेको। स्थानीय तहमा कृषि शिविर सञ्चालन गरी ३६० कृषकलाई प्राविधिक ज्ञान प्रदान गरिएको। आइपिआम कृषक पाठशालाबाट २५ कृषकलाई कान्रो बाली उत्पादनमा प्राविधिक ज्ञान प्रदान गरिएको। फलफूल बाली विकास आयोजनामा ३८१ रोपनी क्षेत्रफलमा फलफूल बगैंचा व्यवस्थापन तथा सुदृढीकरण गरी १३६ कृषक र ४१४ रोपनीमा नयाँ बगैंचा स्थापना गरी ८२ कृषक लाभान्वित भएका। खाद्यान्न बाली प्रवर्द्धन आयोजनामा ३६०६ रोपनीमा धान, मकै र गहुँ खेती कार्यक्रम सञ्चालन भई ३७८५ कृषक लाभान्वित भएका। बीउ उत्पादन प्रवर्द्धन अन्तर्गत ४५०० पिबिएस आलु दाना लगाई ५०० केजी बीउ उत्पादन र जनकदेव जातको आलुको ३२ रोपनीमा ३५०० केजी बीउ उत्पादन भएको। रैथानेबाली प्रवर्द्धन आयोजनामा ७५७ रोपनीमा रैथाने कोदो बाली उत्पादन गरी २४७ कृषक लाभान्वित भएका। पोषण सुरक्षा कार्यक्रम अन्तर्गत तरकारी, खाद्यान्न तथा मह उत्पादनले ६४५ कृषकको खाद्य तथा पोषण सुरक्षामा टेवा पुगेको। जलवायुमैत्री प्रविधि प्रवर्द्धन अन्तर्गत ११ प्लाष्टिक टनेल निर्माण भई बेमौसमी तथा व्यवसायिक तरकारी उत्पादन सुरु भएको। सुक्खा ५ हेक्टर क्षेत्रफलमा पाइप, हिल ट्याङ्की, थोपा सिचाई र मोटरद्वारा सिचाई सुविधा विस्तार भएको। तरकारी बाली प्रवर्द्धन आयोजनामा ९३३.५ रोपनीमा ५६० मेट्रिक टन उत्पादन भएको र २३० कृषक लाभान्वित भएका। मसला तथा निर्यातयोग्य बाली प्रवर्द्धनमा १३५ रोपनीमा अदुवा, बेसार, खुर्सानी उत्पादन गरी १०० कृषक लाभान्वित भएका। कृषि तथ्यांक तथा बजार विकास आयोजनामा वर्षे/चैते धान, मकै, तोरी, कोदो, आलु बाली कटानी, वार्षिक प्रगति पुस्तिका तयारी तथा प्रकाशन गरिएको। सुन्तला जात फलफूल विकास आयोजनामा ७९२५ रोपनीमा सुन्तला बगैंचा व्यवस्थापन गरी ५३६ कृषक र ४३ रोपनीमा नयाँ बगैंचा स्थापना गरी २७ कृषक लाभान्वित भएका। ८७३ रोपनीमा सुन्तला बगैंचाको बीमाले ३४ कृषकलाई रक्षाबरण गरिएको। २० रोपनीमा रोगग्रस्त बोट हटाई पुनःरोपण गरिएको। तनहुँ जिल्लामा सुन्तला बालीबाट ४२.५ करोड बराबरको कारोबार भएको। चैतेधान प्रवर्द्धन आयोजनामा ५००० रोपनीमा ११७७ मेट्रिक टन धान उत्पादन गरी २९१० कृषक लाभान्वित भएका। समुदायस्तरमा प्रशोधनयोग्य आलु प्रवर्द्धनमा १००० रोपनीमा ८६३ मेट्रिक टन आलु उत्पादन र ५४९१ लाभान्वित भएका। ५ हेक्टरमा जनकदेव आलुको बीउ लगाई १२०० केजी बीउ उत्पादन भएको। चालु प्रशासनिक खर्च अन्तर्गत कार्यालय व्यवस्थापन र दैनिक प्रशासनिक कामकाज सम्पन्न। मकै बीउ उत्पादन तथा मकै बाली प्रवर्द्धनमा ४०८५ रोपनीमा ७५७ मेट्रिक टन मकै उत्पादन भएको। रामपुर कम्पोजिट जातको ४ मे.टन मकै बीउ उत्पादन अनुमान गरिएको। |
| १५ | कृषि ज्ञान केन्द्र, नवलपरासी ब.सु.पू. | समुदायस्तर प्रशोधनयोग्य आलु प्रवर्द्धन कार्यक्रम मार्फत ११० हेक्टरमा खेती भई ६९५ टन आलु उत्पादन, १ करोड ८६ लाख बराबर अनुमानित प्रतिफल भएको छ। फर्स्ट च्वाइस फुड्स कम्पनीमार्फत ३९१ टन आलु बिक्री गरी कृषकले १ करोड १ लाख प्राप्त गरेका छन्। बीउ प्रयोजनका लागि ४० टन प्रधान मिनिकोल्ड स्टोर चितवनमा भण्डारण गरिएको छ। खायन आलु ७१ टन उत्पादन र २१ लाख ५४ हजार बराबर बिक्री भएको छ। बीउ आलु तर्फ ६ हजार केजी कार्डिनल र जनकदेव आलु भण्डारण गरिएको छ। चैते धान प्रवर्द्धन आयोजना अन्तर्गत ४५० हेक्टरमा कार्यक्रम संचालन, १८२०० केजी उन्नत बीउ (चैते-५, हर्दिनाथ-१), ३९ वटा बोरिङ, १८४५ मिटर सिंचाई पाइप, ९ वटा धान काट्ने मेसिनलगायत उत्पादन, यान्त्रिकीकरण, सिंचाई, प्याकेजिङ् र बजारीकरण सहयोग मार्फत १७८ हेक्टरमा सिंचाई सुविधा विस्तार र ५७ हेक्टर थप सिंचाई गरिएको छ। २९२० मे.टन धान उत्पादन भएको र मौसमी जोखिम तथा उत्पादनपश्चात क्षति न्यूनिकरण भएको छ। खाद्यान्न बाली प्रवर्द्धन आयोजना अन्तर्गत १४५ हेक्टरमा कार्यक्रम संचालन |

| क्र.सं. | आयोजना/कार्यक्रमको नाम | यस अवधिसम्म हासिल भएको मुख्य मुख्य कार्यहरु |
|---|---|---|
| | | भई यान्त्रिकीकरण, सिंचाई लगायत सहयोग मार्फत ४३ हेक्टर क्षेत्रफल विस्तार, ५४० घरधुरी प्रत्यक्ष लाभान्वित र ५४ रोजगारी सिर्जना भएको छ। अनुमानित ६३६ मे.टन उत्पादन भएको छ। मकै बाली प्रवर्द्धन तथा मकै बीउ उत्पादन कार्यक्रम अन्तर्गत ३७९७ रोपनीमा खेती भई ८६८ टन मकै उत्पादन र २ करोड ८८ लाख बराबर अनुमानित प्रतिफल भएको छ। करिब ४० हेक्टर मकै क्षेत्रफल विस्तार भएको छ। फलफूल बाली विकास आयोजना अन्तर्गत ५८० रोपनीमा स्थापना तथा विस्तार गरी १००३ टन उत्पादन र २८ करोड ५० लाख अनुमानित कारोबार भएको छ (केरा)। कागतीमा १०९ रोपनीमा १७२ टन उत्पादन र ६९ लाख ६० हजार, ड्रागन फ्रुटमा २९ रोपनीमा ७ टन र १६ लाख, अंगुरमा ४३ रोपनीमा ३२ टन र १२ लाख ८० हजार, किवीमा १७ रोपनीमा १८ टन र ३५ लाख, भुइकटहरमा ५७ रोपनीमा ६६.८ टन र २३ लाख ५० हजार, एभोकार्डोमा २६ रोपनीमा ५६ टन र ५० लाख र लिचीमा २० रोपनीमा २०० टन र १५ लाख अनुमानित कारोबार भएको छ। |
| १६ | कृषि ज्ञान केन्द्र, कास्की | विगत वर्षहरूमा सञ्चालन भएका ७५ वटा कृषक समूह, कृषि सहकारी र कृषि फार्मको अनुगमन गरी पृष्ठपोषण गरिएको । ८० हे. मा जातीय प्रदर्शन, २२,५०० दाना PBS बीउ (जनकदेव/MS 42.3) तथा आवश्यक सामग्री वितरण गरियो । १० हे. मा फलफूल बगैंचा सुदृढीकरण, ६३ कृषि फार्मलाई सहकार्यसहित सामग्री वितरण गरियो । प्लास्टिक टनेल, बीउविजन वितरणमार्फत १० हे.भन्दा बढी क्षेत्रफलमा व्यवसायिक तरकारी खेती विस्तार । २० हे. मा खाद्यान्न बालीका लागि बीउविजन तथा सामग्री वितरण, २० हे. मा फलफूल बगैंचा विस्तार । कृषि तथ्यांक संकलन/प्रकाशन, विषादी विषाक्तता निगरानी, बैठक/गोष्ठी सञ्चालन तथा पालिकासँग समन्वय बैठक । विभिन्न बालीमा १० हे. मा बीउ उत्पादन, १० हे. मा मसला खेती विस्तार, प्रशोधन र बजारीकरणमा सहयोग । रैथाने बाली अन्तर्गत ३० हे. मा खेती विस्तार गरी बजारीकरण तथा सामग्री वितरण । मादी र माछापुच्छ्रे गाउँपालिकामा कार्यक्रम सञ्चालन — मादीमा मौरी गोला, २५ घार, २ प्लास्टिक टनेल, बीउविजन, माछापुच्छ्रे गाउँपालिकामा असिना जाली, प्लास्टिक टनेल, बीउविजन वितरण । पोषण सुरक्षाबाट बञ्चित ४ समूह/सहकारी अन्तर्गत ३३० किसान परिवार लाभान्वित । १० हे. मा मकै बीउ उत्पादन तथा सामग्री वितरण |
| १७ | कृषि ज्ञान केन्द्र, स्याङ्जा | **कृषि प्रसार तथा तालिम आयोजना** अन्तर्गत १ बाली उपचार शिविर, ५ कृषि शिविर, २ आइपिएम कृषक पाठशाला, १ स्थानीय तहको क्षमता अभिवृद्धि, ५ उन्नत प्रविधि प्रदर्शन कार्यक्रम संचालन भई करिब ५३० जना लाभान्वित। **मकै बिउ उत्पादन तथा प्रवर्द्धन** कार्यक्रमबाट ५७३५ कृषक लाभान्वित, ११५० हे. मा उत्पादन विस्तार भई करिब ४०६० मे.टन मकै उत्पादन, ८०० के.जी बीउ उत्पादन, ८३ मिनिटिलर र ७० कम्बाइन मिल वितरणबाट १००० कृषक लाभान्वित। **फलफूल विकास आयोजना** मार्फत २६ कृषि फर्म र १ सहकारीका ६४ कृषक लाभान्वित भई १५६ रोपनीमा व्यवस्थापन तथा ३११ रोपनीमा बगैंचा स्थापना। **प्रशोधनयोग्य आलु प्रवर्द्धन** मा ३४ समूह/सहकारीका १६५९ कृषक लाभान्वित, २४३० रोपनीमा १८४५ मे.टन उत्पादन भई रु.७.३८ करोडको कारोबार, २०० रोपनीमा आलु बीउ उत्पादनबाट १००० मे.टन बीउ उत्पादन। **खाद्यान्नबाली प्रवर्द्धन** मा १९ समूह/सहकारीमार्फत ७०० कृषकलाई १०२५० केजी धान र ५४५० केजी गहुँको बीउ वितरण भई ८२० हे. मा धान र १४४ हे. मा गहुँ उत्पादन। **तरकारी बाली प्रवर्द्धन** अन्तर्गत ४२ फर्म, ३ समूह, ३ सहकारीका ३६४ कृषक लाभान्वित भई ६१३ रोपनीमा उत्पादन तथा ८५ कृषकको क्षमता अभिवृद्धि। **सुन्तला विकास आयोजना** मा ६९ फर्म, १४ समूह, ९ सहकारीका १२५३ कृषक लाभान्वित भई ८०३९ रोपनीमा व्यवस्थापन। **कृषि तथ्यांक तथा बजार विकास** मा स्थानीय तहका प्राविधिकलाई अभिमुखीकरण, ११ तहबाट तथ्यांक संकलन/भ्यालिडेसन, २८ एग्रोभेट/नर्सरी/कोल्डस्टोर विवरण प्रकाशन, मन्त्रालय र निर्देशनालय सहभागीता। **बीउ उत्पादन प्रवर्द्धन** मा १५० कृषक, १० समूह/सहकारी र १ फर्मलाई ४२३० के.जी मुलबीउ वितरण भई ८४ हे. मा ३३८ मे.टन बीउ उत्पादन अनुमान। **रैथाने बाली प्रवर्द्धन** मा ५०० के.जी कोदो, ४५ के.जी फापरको बीउ वितरण भई ४०० रोपनीमा प्रवर्द्धन, १ समूह र १ सहकारीबाट प्रशोधन/बजार प्रवर्द्धन, ५०० कृषक लाभान्वित। **मसला तथा निर्यातयोग्य बाली** अन्तर्गत १ फर्मबाट स्याङ्जाबाट १० टन कफी प्रशोधन भई जापान निर्यात। **जलवायुमैत्री प्रविधि कार्यक्रम** अन्तर्गत २ समूह/सहकारीका २१४ घरपरिवार संलग्न भई प्रविधि प्रवर्द्धन। **पोषण सुरक्षा कार्यक्रम** अन्तर्गत ४ समूह/सहकारीका १८६ घरपरिवारलाई तरकारी उत्पादन, कुखुरा वितरणबाट पोषण व्यवस्थापन भई करिब ३०० मे.टन उत्पादन अनुमान। **ब्लक विकास कार्यक्रम निरन्तरता** अन्तर्गत २ समूह/सहकारीमार्फत २४०० कृषक लाभान्वित भई ४२०० रोपनीमा ८४० मे.टन धान उत्पादन अनुमान, ७ मिनिटिलर र २६ कम्बाइन मिल वितरणबाट ५०० कृषक लाभान्वित। **उन्नत बीउमा प्रोत्साहन अनुदान** अन्तर्गत १० फर्म/समूह/सहकारीलाई ८८७२० के.जी उन्नत धान बीउमा अनुदान। |
| १८ | कृषि ज्ञान केन्द्र, पर्वत | खायन आलु खेति ६० हे. र विउ आलु ७ हे. मा खेती गरी क्रमशः ७३,३४८ मे.टन र १८०० मे.टन उत्पादन, ८१०० कृषक लाभान्वित; बगैंचा सुदृढीकरण २३ हे. (२१५ कृषक); ३७२० वर्ग मि. मा प्लास्टिक घर निर्माण (२८ कृषक); मकै प्रवर्धन ४५९१.३ हे. (३७० कृषक); १०३ रोपनीमा अलैंची विस्तार; ४१६ रोपनीमा काँक्रो बिउ, ५ रोपनीमा |

| क्र.सं. | आयोजना/कार्यक्रमको नाम | यस अवधिसम्म हासिल भएको मुख्य मुख्य कार्यहरु |
|---|---|---|
| | | गहुँ बिउ उत्पादन; केराको ९३ रोपनीमा विस्तार र ४०८ रोपनीमा व्यवस्थापन; सुन्तलाको २०४ रोपनीमा विस्तार र ६४९ रोपनीमा व्यवस्थापन; कागतीको ३४ रोपनीमा विस्तार र ११० रोपनीमा व्यवस्थापन; किवीको १६ रोपनीमा विस्तार र ७४ रोपनीमा व्यवस्थापन। |
| १९ | कृषि ज्ञान केन्द्र, बाग्लुङ | स्थानिय तहका कृषि प्राविधिकसँगको बैठक सम्पन्न), रासायनिक मलको कोटा निर्धारण बैठक सम्पन्न, समुदायस्तरमा प्रशोधनयोग्य / खायनआलु उत्पादन आयोजना : आलु बिउमा सहयोग कार्यक्रम अन्तर्गत ४२ वटा कृषक समुहसँग सम्झौता भए मध्य ४१ वटा समुह मार्फत आलु रोपण कार्य १७७० रोपानिमा सम्पन्न भयो। कृषक समुहको माग बोमोजिम MS ४२.३, खुमल उज्ज्वल, खुमल रातो, जनकदेब जस्ता आलुका जात, मेसिनरी सहयोग, सिचाई, सहयोग, ढुवानी सहयोग, बजारीकरणको लागि सहयोग पुर्याउन प्रिन्टेड बोरा र क्यारेट वितरण जस्ता कार्यक्रममा ७५ देखि ८५ % अनुदान रकम सहयोग प्रदान गरियो। त्यस्तैगरी, बीउ आलु उत्पादन सहयोग कार्यक्रम अन्तर्गत ३ वटा कृषक समूह छनौट भई २०० रोपनी क्षेत्रफलमा आलु बीउ उत्पादन कार्य सम्पन्न भयो। अभियानमुलक बाली संरक्षण कार्यक्रम तर्फ समस्याग्रस्त क्षेत्रमा आवस्यक अनुसार मेन्कोजेब, डाइमेथोमर्फ र स्प्रेयर वितरण गरियो। कृषकहरुको प्राबिधिक ज्ञान वृद्धिकोलागि आलु वाली सम्बन्धि ५ वटा तालिम सम्पन्न भयो र प्रबिधिक पुस्तिका समेत निसुल्क वितरण गरियो। उन्नत कृषि प्रबिधि पर्दशन तर्फ २ वटा समुहलाई आलु रोप्न र गोड्न उपयुक्त हुने मिनीटेलर उपलब्ध गरियो। सुन्तलाजात फलफुल बिकास आयोजना : सुन्तलाजात फलफुल बगैंचा सुदृढीकरण तर्फ कुल ६८ जना कृषक, कृषि फर्म, कृषक समूह र कृषि सहकारीसँग सम्झौता भए अन्तर्गत ६७ जना मार्फत कार्याक्रम कार्यन्वयन भयो। कृषकहरुको माग अनुसार बगैंचा सुदृढीकरण तर्फ भर्यांग, ब्रस कटर, पावर स्प्रेयर, सिचाई पाईप, प्लाष्टिक पोखरी निर्माण, सिकेचर, आरा, निलोतुथो, बिषादी जस्ता सामग्रीहरु ५० % अनुदान रकममा उपलब्ध गरियो। सुन्तलाजात फलफुल बगैंचा स्थापना तथा बिस्तार कार्यक्रम तर्फ ४ वटा कृषि फर्म तथा समुहलाई छनौट गरि सम्झौता गरियो। बगैचा सुदृढीकरण तर्फ ७९५ रोपनी क्षेत्रफलमा बगैंचा व्यवस्थापन भयो भने ४१ रोपनिमा क्षेत्रफल बिस्तारको कार्य सम्पन्न भयो। कृषकहरुको प्राबिधिक ज्ञान वृद्धिको लागि सुन्तला बाली सम्बन्धि ६ वटा तालिम सम्पन्न गरियो। फलफुल बिकास आयोजना : फलफुल बगैंचा सुदृढीकरण तर्फ कुल १७ जना कृषक, कृषि फर्म, कृषक समूह सँग सम्झौता भए अन्तर्गत १६ जना मार्फत कार्याक्रम कार्यन्वयन भयो। कृषकहरुको माग अनुसार बगैंचा सुदृढीकरण तर्फ भर्यांग, ब्रस कटर, सिचाई पाईप, मुख्य गरि किवी मा थाक्रा व्यवस्थापन, सिकेचर, आरा, निलोतुथो, बिषादी जस्ता सामग्रीहरु ५० % अनुदान रकममा उपलब्ध गरियो। फलफुल बगैंचा स्थापना तथा बिस्तार कार्यक्रम तर्फ १९ वटा कृषि फर्म तथा समुहलाई छनौट गरि कार्यक्रम सम्पन्न गरियो। बगैचा सुदृढीकरण तर्फ १८२.५ रोपनी क्षेत्रफलमा बगैंचा व्यवस्थापन भयो भने २०० रोपनिमा क्षेत्रफल बिस्तारको कार्य सम्पन्न भयो।" |
